*विपदमा बालअधिकारको सुनिश्चितता : हामी सबैको प्रतिवद्धता*

# गुराँसमा बालबालिकाको स्थिति प्रतिवेदन

## २०७७

## गुराँस गाउँपालिका

रानिमत्ता, दैलेख

कर्णाली प्रदेश, नेपाल

*विपदमा बालअधिकारको सुनिश्चितता : हामी सबैको प्रतिवद्धता*

# गुराँसमा बालबालिकाको स्थिति प्रतिवेदन

## २०७७

**गुराँस गाउँपालिका**

रानिमत्ता, दैलेख

कर्णाली प्रदेश, नेपाल

**प्रकाशक :**
गुराँस गाउँपालिका
रानीमत्ता, दैलेख
कर्णाली प्रदेश नेपाल

**इमेल :**
gurans.rmp@gmail.com

**सर्वाधिकार :**
गुराँस गाउँपालिका, दैलेख

**प्रकाशन मिति :**
२०७७

**लेखन तथा सम्पादन :**
निर्मल अधिकारी, बालसंरक्षण संयोजक
सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल, दैलेख

**सल्लाहकार :**
थिरेन्द्रकुमार बि.सि. श्रोत शिक्षक (गाँउपालिका)
जगत थापा, गाउपालिका स्वास्थ्य इन्चार्ज (गाँउपालिका)
प्रभा रेग्मी, महिला तथा बालबालिका शाखा (गाँउपालिका)
नवराज बि.सि.कार्यक्रम, निर्देशक (सामाजिक सेवा केन्द्र) सोसेक नेपाल, दैलेख

**मुद्रण :**
भवानी छापाखाना, वीरेन्द्रनगर-६, सुर्खेत

# गुराँस गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, दैलेख
## कर्णाली प्रदेश, नेपाल

राष्ट्रिय बाल दिवसको अवसरमा शुभकामना !

**"विपदमा बालअधिकारको सुनिश्चितता : हामी सबैको प्रतिवद्धता"**

आज भदौ २९ गते राष्ट्रिय बाल दिवसको अवसरमा यस पालिकामा रहेका सम्पूर्ण बालबालिका एवम् अभिभावकहरुमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

संयुक्त राष्ट्रसंघको बालअधिकार महासन्धिलाई २०४७ साल भदौ २९ गते नेपाल सरकारले अनुमोदन गरेपछि हरेक वर्ष भदौ २९ लाई राष्ट्रिय बाल दिवसका रुपमा मनाउदै आएको छ । **"विपदमा बालअधिकारको सुनिश्चितता : हामी सबैको प्रतिवद्धता"** भन्ने मूल नाराका साथ यस वर्ष पनि राष्ट्रिय बाल दिवस मनाउन लागिएको छ ।

नेपालको संविधानको धारा ३९ ले प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहारसहित सर्वाङ्गीण विकासको हक सुनिश्चित गरेको छ । बालबालिकाको हक, हित र बाल अधिकारको संरक्षण तथा संवर्द्धनका लागि संयुक्त राष्ट्र संङघीय बाल अधिकारसम्बन्धी महासन्धिका प्रावधानलाई कार्यान्वयन गर्न स्थानीय सरकार प्रतिवद्ध छ ।

स्थानीय तहमा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी जनताको नजिकबाट सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न, लोकतन्त्रका लाभहरुको समानुपातिक समावेशी र न्यायोचित वितरण गरी कानुनी राज्य र दीगो विकासको अवधारणा अनुरुप स्थानीय सरकारलाई व्यवस्थित वनाउन स्थानीय सरकार संचालन ऐन, २०७४ कार्यान्वयनमा रहेको अवस्था छ । यस ऐनमा स्थानीय तहको बालअधिकारसँग सम्बन्धित भूमिकाहरुमा सडक बालबालिका, अनाथ, असहाय, असक्त बालबालिकालाई राहत सहयोग तथा पुनर्स्थापना गर्नुका साथै सामाजिक रुपमा पछि परेको समुदाय र समाजमा गलत परम्पराका रुपमा परम्पराकालदेखि स्थापित बालविवाह, वहुविवाह, लैङ्गिक हिंसा लगायतका सामाजिक कुरीति र अन्ध विश्वासको अन्त्य गर्न विगत ३ वर्ष देखि हामीले प्रयास गरिरहेका छौं ।

हाम्रो सानो प्रयासले गर्दा यस पालिकाका उच्च जोखिममा रहेका बालबालिकाहरुले राहत महसुस गरेका छन् । विद्यालय बाहिर रहेका बालबालिका विद्यालय भर्ना भएर नियमित अध्ययन गरिरहेका छन् । लकडाउनको अवधिमा दैनिक जीविकोपार्जनमा समेत समस्या भएका बालबालिकाका परिवारलाई खाद्यान्न सहयोग गरिएको छ । जन्मदेखि ५ वर्षमुनिका बालबालिकाहरुको लागि जीवन सुरक्षा कोष, छोरी बचत खाता, जोखिम बालबालिका संरक्षण कार्यक्रम, प्रत्येक वडामा बाल कोषको स्थापना, कमजोर परिवारका बालबालिकालाई छात्रवृत्ति सहयोग, विपन्न परिवारका बालबालिकालाई आधारभूत शिक्षा निरन्तरताका लागि बालबालिकासँग अध्यक्ष कार्यक्रम २५ हजारका दरले सहयोग लगाएतका प्रत्यक्ष अनुभूती गर्ने गरी कार्यक्रम सञ्चालन गरिएको छ । बालअधिकारको संरक्षण र प्रवर्द्धनका लागि एक दर्जन भन्दा बढी नीतिहरु कार्यान्वयनमा रहेको अवस्था छ । आगामी दिनमा अझै बालमैत्री नीति तथा कार्यक्रम कार्यान्वयन गर्न पालिका निरन्तर लागि रहने जानकारी गर्न चाहान्छु ।

आजको सफलता हासिल गर्न सहयोग गर्ने गुराँस गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखा, महिला तथा बालबालिका शाखा, विकास साझेदार संस्था र सम्बन्धित सरोकारवालाप्रति राष्ट्रिय बाल दिवसको अवसरमा धन्यवाद प्रकट गर्दै आगामी दिनमा थप प्रभावकारी रुपमा काम गर्न हार्दिक अपिल गर्दछु ।

........................

खेमराज ओली

अध्यक्ष

# गुराँस गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, दैलेख
## कर्णाली प्रदेश, नेपाल

गाउँकार्यपालिकाको कार्यालय
रानीमत्ता, दैलेख
कर्णाली प्रदेश,नेपाल

*प्रकाशकीय ..........................*

नेपालको संविधान २०७२ ले बालबालिका सम्बन्धी व्यवस्था गरेका हक अधिकारको संरक्षण गर्नका लागि बालबालिका सम्बन्धी ऐन, २०७५ बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति कार्यान्वयन कार्यविधि २०६८ का सिदान्त तथा कार्यप्रक्रियार बालमैत्री स्थानीय शासन रणनीति २०७४ ले अवलम्वन गरेका रणनीतिका आधारमा **गुराँसमा बालबालिकाको स्थिती प्रतिवेदन २०७७** प्रकाशन गरिएको छ । गाउँपालिकामा संकलित सूचना, तथ्याङ्क, तथा विवरणहरुलाई समयोजन, प्रशोधन र विश्लेषण गरी यस **"गुराँसमा बालबालिको स्थिति प्रतिवेदन २०७७"** प्रथम पटक प्रकाशन गरिएको छ ।

गुराँस गाउँपालिकाले संकलित सूचना, बाल अधिकारको संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन तथा बहाली गर्न, गराउन सरकारी तथा गैर सरकारी संघ संस्था, विकासका साझेदारी निकायहरु, स्थानीय निकायहरुबाट समेत क्षेत्रगतरुपमा विभिन्न र्काक्रमहरु संचालन भई रहेका छन् । कार्यक्रमको प्रभावकारी कार्यन्वयनका साथै उपलब्धीहरुको मूल्याङ्कन गर्न, कार्यगत एकतामा समन्वय गर्न र नेपाल सरकार र प्रदेश सरकारले गरेका बाल अधिकार प्रर्वधनका लागि गरिएका प्रतिबद्धता अनुरुप तथ्याङ्क संकलनको लागि सजिलो होस् भन्ने अभिप्रायाले गाउँपालिका स्तरमा बालबालिका स्थिति प्रतिवेदन तयार गर्ने र सो को प्रकाशन बालमैत्री स्थानीय शासनको नतिजा मापन गर्न सहज हुने देखिन्छ ।

बालबालिकाहरुका संरक्षणका सवालहरु समधान गर्नको लागि स्थानीय तहमै आवश्यकताको पहिचान र संभावानको खोजी बस्तीस्तरबाटै हुँदा त्यो दिगो, उपलब्धिमूलक र स्थायी हुन्छ । तसर्थ, यस स्थानीय तहमा आगामी दिनमा बालबालिकाको क्षेत्रमा अपनाउनु पर्ने नीति, रणनीति, योजना कार्यक्रमका साथै बालबालिकाको सरोकार सम्बन्धी कार्य गर्नका लागि सूचनामूलक सामग्रीको रुपमा यो पुस्तकले मार्ग निर्देश गर्ने छ भन्ने विश्वास लिइएको छ । यस पुस्तकमा बालबालिका सम्बन्धी कार्यका संस्थागत प्रयासहरुको सूचनाहरुलाई तथ्याङ्कीय र विश्लेषणात्मक ढंगबाट समीक्षा गरी नीति निर्माण र कार्यक्रम कार्यान्वयनको लागि सूचनाका विविध पक्षहरुका साथै अबका सम्भावित चुनौति तथा समस्याहरुको आँकलन समेत गरिएको छ । यो पुस्तक बालबालिकाको समग्र क्षेत्रको गहन अध्ययन, विश्लेषणको लागि शुरुवात हो । यो नै सम्पूर्ण होइन तर आरम्भको विन्दु भने पक्कै हो भन्ने विश्वास हामीले लिएका छौं ।

यो प्रतिवेदन संग जोडिएका सम्पूर्ण पक्ष तथा कार्यहरु सफल बनाउन अथक परीश्रम गर्ने ***सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल दैलेखका बालअधिकार शासन तथा बालसंरक्षण संयोजक श्री निर्मल अधिकारी*** लगायत बालबालिकाका सरोकार क्षेत्रका सम्बन्धित सबैमा हार्दिक आभार व्यक्त गर्दछौं र अगामी दिनमा पनि यस्तै साथ र सहयोगको निरन्तरताको पनि अपेक्षा गरेका छौ । हामी सुधारको लागि रचनात्मक सुझावको अपेक्षा गर्दछौ । यस्ता सुझाव सल्लाह हाम्रा लागि अमुल्य सम्पतिको रुपमा रहनेछन् । अन्त्यमा फेरि पनि यस प्रतिवेदन प्रकाशनार्थ सहयोग गर्नु हुने सम्पूर्ण सबैमा कृतज्ञाता अपर्ण गर्दै । आगामी वर्षहरुमा अझ बढी परिष्कृत रुपमा बालबालिकाको स्थिति प्रतिवेदन यहाँहरु समक्ष निरन्तर ल्याउने प्रतिवद्धता पनि व्यक्त गर्दछौं ।

..............................

नन्दराम चौलागाई
प्रमुख प्रशासकीय अधिकृत

# सारसंक्षेप ................

गुराँस गाउँपालिकामा बालबालिकाको क्षेत्रमा कार्यरत सरकारी निकाय र गैर सरकारी संघसंस्थाहरूवाट प्राप्त सूचना, तथ्याङ्क तथा विवरणहरूलाई संकलन, समायोजन र प्रशोधन गरी गुराँस गाउँपालिकाले गुराँस गाउँपालिकास्तरीय बालबालिकाको स्थिति प्रतिवेन २०७७ प्रकाशन गरेको हो । यस प्रकाशनले प्रस्तुत गरेको गाउँपालिकाको बालबालिकाको अवस्था सम्वन्धी तथ्यलाई सारांशको रूपमा यहाँ प्रस्तुत गरिएको छ ।

गुराँस गाउँपालिकामा बालबालिकाको स्थिति प्रतिविम्वित गर्ने यस प्रतिवेदनले बालबालिका सम्वन्धी कार्य गर्नका लागि सम्वन्धित व्यक्ति, संस्था, र निकायहरूलाई मार्ग निर्देश गर्ने छ भन्ने अपेक्षा गरिएको छ । गुराँस गाउँपालिकालाई बालमैत्री पालिकाको रूपमा स्थापित गर्ने र बालमैत्री अभियानलाई सहयोग गर्नु पनि यस प्रकाशनको उद्देश्य हो । यस प्रकाशनमा पालिकामा बालबालिकाको अवस्था सम्बन्धी धेरै भन्दा धेरै तथ्य तथा सूचनाहरू समावेश गर्ने प्रयास गरिएको छ । जसलाई संक्षिप्त रूपमा तल उल्लेख गरिएको छः

१. राष्ट्रिय जनगणना २०६८ का अनुसार यस गाउपालिकाको कुल जनसंख्या २२०३३ मध्ये बालबालिका ९४२२ र घरधुरी सर्वेक्षण २०७६ का अनुसार कुल जनसंख्या २४१२२ मध्ये ९७१९ बालबालिका रहेका छन् ।

२. यसपालिकामा १८ वर्षमुनिका बालबालिका ४०.२९, १६ वर्षमुनिका ३४.१५, १४ वर्षमुनिका २८.२१, ५ वर्षमुनिका बालबालिका ९ प्रतिशत रहेका छन् ।

३. बालबालिकाहरूले विद्यालयको पढाई छोडेर विकास निर्माणको कार्यमा, यातायातका साधनहरूमा, हिमालय/पाटनमा यार्सगुम्वा खोज्न जाने र तराईको ईट्टा भट्टीमा श्रमिकको रूपमा काम गर्ने गरेको पत्रपत्रिका मार्फत प्राप्त हुने गरेको छ । जसले गर्दा बालश्रमको जोखिममा छ भन्न सकिन्छ ।

४. गाउँपालिकामा बाल मैत्री विद्यालयहरू ४६ वटा रहेका छन् । जसमा ७५७३ बालबालिका विद्यालयमा अध्ययन गर्छन ।

५. यस पालिकामा जम्मा ४६ वटा बालक्लव सूचिकृत भएका छन् । जसमध्ये बालक्लवमा १०३३ बालबालिका आवद्ध रहेको देखिन्छ । बालक्लवमा ५६८ बालक र ४६५ बालिका रहेका छन् । दलित २६८, जाजाति ९८ र अन्य ६६७ बालबालिका रहेका छन् ।

६. यस पालिकामा जम्मा ५२ वटा बालविकास केन्द्रहरू रहेका छन् । जुन बालविकास केन्द्रहरूमा अध्ययन गर्ने ८२३ बालबालिका मध्ये बालिका ४१३ र बालक ४१० रहेका छन् ।

७. यस पालिकामा ३ वटा गैह्रसरकारी संस्थाहरूले सक्रिय रूपमा आफ्ना क्रियाकलाप सञ्चालन गरेको देखिन्छ ।

८. प्राथमिक तहको खुद भर्नादर ९८.२, कक्षा १ मा भर्ना भई कक्षा ५ पुगेका बालबालिका ९२.५७, निमावि तहमा खुद भर्नादर ९८, आधारभूतहको खुद भर्नादर (कक्षा ११ र १२) को खुद भर्नादर ९६ प्रतिशत रहेको छ ।

९. त्यसैगरी नवजात शिशु मृत्युदर, शिशु मृत्युदर र बाल मृत्युदर यसपालिकामा रहेको देखिदैन भने उचाई अनुसार तौल नपुगेका बालबालिका ११९ र दक्ष स्वास्थ्यकर्मीबाट प्रसुति गराउने ४० जना रहेका छन् ।

१०. यसपालिकाले आ.व. २०७५/०७६ मा ७.९६ र २०७६/०७७ मा १२.३३ प्रतिशत बजेट बालबालिकाको क्षेत्रमा विनियोजन गरेको छ ।

११. समग्रमा हेर्दा यस यस पालिकामा शिक्षा, स्वास्थ्य, संचार र बालबालिकाको सहभागितको सवालमा सुधार हुदै गएको भएता पनि बाल दुर्व्यवहार, बालश्रमिक, बाल विवाह जस्ता समस्यालाई समयमा नै गाउँपालिकाले सम्वोधन गर्नु पर्ने देखिन्छ ।

# विषयसुचि


| | | |
|---|---|---|
| परिच्छेद: १ | परिचय | १ |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | नेपालको संविधानमा बालबालिका सम्वन्धी व्यवस्था | १ |
| १.३ | बालबालिका सम्वन्धी ऐन, २०७५ | २ |
| १.४ | बाल अधिकार सम्बन्धी महासन्धि, यस अन्गर्तका ऐच्छिक सन्धिपत्रहरू र नेपालको प्रतिवेदन | ३ |
| १.५ | बालबालिका सम्वन्धी योजना, राष्ट्रिय नीति तथा कार्यक्रम | ४ |
| १.६ | संस्थागत व्यवस्था | ४ |
| १.७ | दिगो विकास लक्ष्य र बालबालिका | ५ |
| १.८ | राष्ट्रिय जनगणना र बालबालिका | ५ |
| १.९ | बालबालिका सम्बन्धी केही समष्टिगत सूचक र स्थिति | ६ |
| १.१० | आर्थिक वर्ष २०७२/०७३ सालदेखि हालसम्म देखिएका परिवर्तन | ७ |
| १.११ | स्थानीय सरकारको बार्षिक बजेट र बालबालिका | ८ |
| १.१२ | बाल दिवस र मूल सन्देश | ९ |
| परिच्छेद: २ | बाल बचाँवट | १० |
| २.१ | परिचय | १० |
| २.२ | सुरक्षित गर्भ र जन्मको अवस्था | १० |
| २.३ | खोप शिशु तथा बाल स्वास्थ्य | ११ |
| २.४ | पोषण | १३ |
| २.५ | किशोरकशोरीको स्वास्थ्य अवस्था | १४ |
| २.६ | स्वास्थ्य संस्थाहरू | १५ |
| परिच्छेद: ३ | बाल संरक्षण | १६ |
| ३.१ | परिचय | १६ |
| ३.२ | बालश्रम | १६ |
| ३.३ | सडक बालबालिका | १७ |
| ३.४ | बालविवाह | १८ |

| | | |
|---|---|---|
| ३.५ | जोखिममा रहेका बालबालिकाको उद्धार, पुनर्स्थापना तथा पुनर्एकीकरण | २१ |
| ३.६ | जन्मदर्ता | २२ |
| ३.७ | अपाङ्गता भएका बालबालिका | २३ |
| ३.८ | सामाजिक सुरक्षा र बालबालिका | २५ |
| ३.९ | बालबालिकाको स्याहार | २७ |
| ३.१० | बालबालिकाको गोपनीयता | २७ |
| ३.११ | सूचना प्रविधि र बालबालिका | २८ |
| परिच्छेद ४ | बाल विकास | २९ |
| ४.१ | परिचय | २९ |
| ४.२ | प्रारम्भिक बाल विकास | २९ |
| ४.३ | विद्यालय स्तरको शिक्षा | ३१ |
| ४.४ | अनिवार्य र नि:शुल्क शिक्षा | ३१ |
| ४.५ | विद्यालयको संख्या | ३२ |
| ४.६ | विविध | ३२ |
| परिच्छेद: ५ | बाल सहभागिता | ३३ |
| ५.१. | परिचय | ३३ |
| ५.२ | बालबालिकाको विचार र अभिव्यक्ति स्वतन्त्रता | ३३ |
| ५.३ | बालबालिकाको मनोरञ्जनमा सहभागिता (रेडियो, पत्रपत्रिका, टेलिभिजन) | ३४ |
| ५.४ | बालक्लब | ३४ |
| ५.५ | खेलकुदमा बालबालिकाको सहभागिता | ३६ |
| ५.६ | बालमैत्री स्थानीय शासन, बालमैत्री स्थानीय तह तथा वडाहरू | ३६ |
| परिच्छेद: ६ | निष्कर्ष | ३८ |
| तालिकाहरू | | |
| तालिका १ | बालबालिकाको जनसंख्या | ६ |
| तालिका २ | बालबालिका सम्बन्धी केहि समष्टिगत सूचक र स्थिति | ६ |
| तालिका ३ | बालबालिकासँग सम्बन्धित स्थितिको तुलनात्मक सिंहावलोकन | ७ |
| तालिका ४ | बालबालिका लक्षित बजेट विनियोजनको अवस्था | ९ |

| | | |
|---|---|---|
| तालिका ५ | खोपको विवरण | १२ |
| तालिका ६ | बालबालिकाको मृत्युदर सम्बन्धी सूचक र स्थिति | १३ |
| तालिका ७ | बालबालिकाको पोषण सूचकहरू | १४ |
| तालिका ८ | वडागतरूपमा विवाह गर्नेको अवस्था | १९ |
| तालिका ९ | वडा अनुसार बालविवाह गर्नेको संख्या | २० |
| तालिका १० | जन्मदर्ता अभियानबाट जन्मदर्ता गर्ने बालबालिकाको विवरण | २३ |
| तालिका ११ | परिचय पत्र प्राप्त गर्नेहरूको विवरण | २४ |
| तालिका १२ | अपाङ्गता भएका बालबालिकाको विवरण | २४ |
| तालिका १३ | विषयगत क्षेत्रअनुसार अपाङ्गता बालबालिकाको विवरण | २५ |
| तालिका १४ | सामाजिक सुरक्षा प्राप्त गर्ने हरूको विवरण | २५ |
| तालिका १५ | बालविकास केन्द्रमा रहेका बालबालिकाको विवरण | ३० |
| तालिका १६ | स्थानीय तहका संरचनामा बालबालिकाको सहभागीता | ३७ |
| चित्र | | |
| चित्र १ | प्रतिशतका आधारमा विवाहको अवस्था | २० |
| चित्र २ | वडा अनुसार बालक्लवको विवरण | ३५ |
| चित्र ३ | जातिगत रूपमा बालबालिकाको विवरण | ३५ |
| अनुसूची २ | सन्दर्भ सामग्रीहरू | ४८ |

# गुराँसमा बालबालिकाको स्थिति प्रतिवेदन(२०७७

## परिच्छेद: १ परिचय

### १.१ : पृष्ठभुमि

नेपाल सरकारले संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ लाई सन् १९९० को १४ सेप्टेम्बर (भदौ २९, २०४७) अनुमोदन गरेपछि महासन्धिको मूलभूत विषयहरु संविधानमा सम्बोधन हुँदै आएको छ । नेपालको संविधान (२०७२) ले बालबालिकाको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरी बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता जस्ता विषयहरु समेटी सर्वाङ्गीण विकासको प्रत्याभूत गरेको छ। बाल अधिकार सम्बन्धी महासन्धिको धारा १ मा भएको व्यवस्था अनुसार १८ वर्षमुनिको जनसंख्यालाई बालबालिका भनी परिभाषित गरिएको छ। बालबालिकाको विषय आवधिक योजनामा प्राथमिकताका साथ समावेश भएको छ। बालबालिकाको शिक्षा, स्वास्थ्य, पोषण, संरक्षणका विषयहरुमा उल्लेख्य कार्यहरु हुँदै आएका छन् ।

नेपाल सरकारले संयुक्त राष्ट्रसंघको बाल अधिकार सम्बन्धी महासन्धिका प्रावधानहरु लागू गरी बाल अधिकार संरक्षणका लागि दर्शाएको प्रतिबद्धता अनुरुप नीतिगत, कानूनी, संस्थागत र कार्यक्रमगत व्यवस्थामा सुधार गर्दै आएको परिणाम स्वरुप बालबालिकाको जीवनमा सकारात्मक परिवर्तन भइरहेको छ। यस प्रक्रियामा विकासका साझेदार संस्थाहरुको योगदान सह्रानीय रहेको छ। समग्रमा, अझै पनि बाल अधिकार सुनिश्चितताका लागि र विविध किसिमका जोखिम अवस्थामा रहेका बालबालिकाको स्थिति सुधारका लागि थप प्रयास गर्नु आवश्यक देखिएको छ ।

### १.२ नेपालको संविधानमा बालबालिका सम्वन्धी व्यवस्था

बाल अधिकारका विषयमा नेपालको संविधानमा मौलिक हकका साथै राज्यका निर्देशक सिधान्त, नीति तथा तथा दायित्वका विभिन्न धारा तथा उपधाराहरु आकर्षित हुन्छन् जसले गर्दा नेपाल सरकार बालबालिको विषयमा अत्यन्त संवेदनशील छ। त्यसैले बाल अधिकारको विषयलाई मौलिकहकको रुपमा अङ्गिकार गरको छ। नेपालको संविधानको धारा ३९ अन्तर्गत बालबालिकाको हक शीर्षकमा १० वटा उपधारामा बालबालिकाको विकास, संरक्षण र सहभागिता लगायत हकहरुको प्रत्याभूति गरिएको छ ।

१. प्रत्येक बालबालिकालाई आफ्नो पहिचान, सहित नामाकरण र जन्मदर्ताको हक हुनेछ।

२. प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद,मनोरञ्जन तथा सर्वांगीण व्यक्तित्व विकासको हक हुनेछ ।

३. प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।

४. कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन ।

५. कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन

६. कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।

७. कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइनेछैन ।

८. प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ ।

९. असहाय, अनाथ, अपांगता भएका, द्वन्द पीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।

१०. उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने ब्यबस्था छ ।

## १.३ बालबालिका सम्वन्धी ऐन, २०७५

बालबालिकाको अधिकार सम्मान, संरक्षण प्रवर्द्धन र परिपुर्ति गरी बालबालिकाहरुको सर्वोत्तम हित कायम गर्न बालबालिका सम्वन्धी ऐन २०७५ मिति २०७५ साल आश्विन २ गते प्रमाणिकरण गरिएको थियो । यो ऐन विशेष ऐन हो र यसले बालबालिकाको समग्र अधिकार वहालिको लागि वनेको कानुन हो र यसमा परिच्छेद १० धारा ८७ वटा छन् । यस ऐनमा बालबालिकाको अधिकार, बालबालिकाप्रतिको दायित्व, बाल न्याय, बालबालिकाको विशेष संरक्षण र पुनर्स्थापना, बाल अधिकार तथा बाल कल्याण सम्वन्धी संस्थागत व्यवस्था, बालबालिकाको अधिकार तथा निजप्रतिको दायित्वको संरक्षण र प्रचलन, बालबालिका विरुद्धको कसुर र सजाय क्षतिपुर्ति तथा मुद्धा हेर्ने अधिकारीको व्यवस्था गरेको छ ।

## १.४ बाल अधिकार सम्बन्धी महासन्धि, यस अन्गार्तका ऐच्छिक सन्धिपत्रहरु र नेपालको प्रतिवेदन

नेपाल सरकारले संयुक्त राष्ट्रसंघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ लाई १९९० को सेप्टेम्वर १४ तारिख अर्थात २०४७ साल भदौ २९ गते कुनै पनि शर्तबिना अनुमोदन गऱ्यो। यस महासन्धिको पक्षधर राष्ट्रले महासन्धिलाई अनुमोदन गरेको दुई वर्षभित्र महासन्धिका प्राव्धानहरु बमोजिम आफ्नो देशको प्रतिवेदन संयुक्त राष्ट्रसंघको बाल अधिकार समितिमा बुझाउनु पर्छ र सोपछि प्रत्येक पाँच-पाँच वर्षमा आवधिक प्रतिवेदन सोही समितिमा बुझाउनु पर्दछ। यस व्यवस्था अनुसार नेपालले पहिलो प्रतिवेदन सन् १९९५, दोस्रो प्रतिवेदन सन् २००४ र तेश्रो, चौथो र पाँचौंको संयुक्त प्रतिवेदन सन् २०१२ मा बुझाएको थियो। संयुक्त राष्ट्रसंघको बाल अधिकार समितिको सन् २०१६ को मे १९ र २० तारिखमा सम्पन्न बैठकले उक्त प्रतिवेदन ग्रहण गऱ्यो र उक्त प्रतिवेदनको प्रस्तुती र छलफल सम्पन्न भई सन् २०१६ को जुन ३ तारिखमा सम्पन्न बैठकबाट समापन टिप्पणी पारित गऱ्यो।

उक्त समितिले संविधानमा बाल अधिकार, बालमैत्री स्थानीय शासन सम्बन्धी व्यवस्थालाई स्वागत गरेको छ। राज्यले बालबालिकाको आवश्यकतालाई सम्बोधन गर्न बालबालिकाको सर्वोत्तम हित, सबै किसिमका हिंसाहरु र विशेष संरक्षणको उचित सम्बोधन, पारिवारिक वातावरण र वैकल्पिक स्याहार, अपाङ्गता भएका बालबालिकाको आधारभूत आवश्यकता, शिक्षा पाउने अधिकार, पहिचानका लागि जन्मदर्ता र नागरिकताको व्यवस्था, बालबालिकालाई परिवार, विद्यालय वा अन्य संस्थाहरुमा शारीरिक दण्ड दिने वा दुर्व्यवहार गर्ने परिपाटीको समूल अन्त्य गर्ने जस्ता विषयहरु समेट्नेगरी विद्यमान ऐनहरुमा सुधार गर्नपर्ने लगायतका थुप्रै सिफारिसहरु गरेको छ। यसैगरी, योजना र अनुगमन, खण्डीकृत सूचना व्यवस्थापन, बालबालिकाका लागि लगानीमा वृद्धि, संस्थागत सुदृढीकरण जस्ता विषयहरुमा ध्यान दिन समेत सरकारलाई सुझावहरु दिएको छ। यीमध्ये अधिकांश सुझावहरु संविधान, बालबालिका सम्बन्धी ऐन लगायत अन्य सम्बन्धित ऐनहरुमा सम्बोधन गरिएका छन्। नीति र कार्यक्रमसंग सम्बन्धित सुझावहरु कार्यान्वयन गर्न सरकार प्रयासरत रहेको छ।

संयुक्त राष्ट्रसंघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ अन्तर्गत देहायका तीनवटा इच्छाधिन आलेखहरु समेत रहेका छन् :

१) सशस्त्र संघर्षमा बालबालिकाको संलग्नता सम्बन्धी इच्छाधिन आलेख, २०००

२) बालबालिकाको बेचबिखन, यौनशोषण र अश्लील चित्रण सम्बन्धी इच्छाधिन आलेख, २०००

३) बाल अधिकार हननको उजुरीबारे सञ्चार कार्यविधि सम्बन्धी इच्छाधिन आलेख, २०११

## १.५ बालबालिका सम्बन्धी योजना, राष्ट्रिय नीति तथा कार्यक्रम

### १.५.१ योजना तथा कार्ययोजना

नेपाल सरकारले संयुक्त राष्ट्रसंघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ लाई अनुमोदन गरेपछि आवधिक योजनामा बालबालिकाको विषयलाई प्राथमिकताका साथ समावेश गर्दै आएको छ। नवौं योजना (२०५३-२०५८) देखि बालबालिकाको विषयलाई अधिकारमुखी दृष्टिकोणबाट समावेश गरिएको छ। पन्धौं योजना (२०७६/०७७ २०८०/०८१) को आधारपत्रले बाल अधिकार सुनिश्चित भएको बालमैत्री समाजको परिकल्पना वा सोच लिएको छ भने बालबालिका तथा किशोरकिशोरीलाई सबै प्रकारको हिंसा, दुर्व्यवहार र शोषणबाट मुक्त गराउँदै उनीहरुको हक अधिकार संरक्षण तथा प्रवर्द्धन गरी राष्ट्र निर्माण गर्न सक्ने योग्य र सक्षम नागरिकको रुपमा विकास गर्ने लक्ष्य लिएको छ।

### १.५.२ राष्ट्रिय नीति

बालबालिका सम्बन्धी राष्ट्रिय नीति २०६९ ले सरकारी निकाय, स्थानीय निकाय, अभिभावक, शिक्षक र राष्ट्रिय तथा अन्तरर्राष्ट्रिय गैरसरकारी संस्थाको समन्वयात्मक सहकार्यमा सबै वर्ग र समुदायका बालबालिकाले बाल अधिकारको पूर्ण उपभोग गर्दै सक्षम र योग्य नागरिकको रुपमा व्यक्तित्व विकास गर्न पाउने वातावरणको सिर्जना गर्ने दीर्घकालीन लक्ष्य लिएको छ।

## १.६ संस्थागत व्यवस्था

बालबालिका सम्बन्धी ऐन, २०७५ अनुसार राष्ट्रिय बाल अधिकार परिषद् स्थापना भएको छ र साविकको केन्द्रीय बाल कल्याण समितिका कार्यहरु यसै परिषद्मा हस्तान्तरण गरिएको छ। जिल्ला बाल कल्याण समितिहरु विघटन भएका छन्। ऐन बमोजिम स्थानीय बाल अधिकार समिति यथाशक्य चाँडो गठन हुने अपेक्षा गरिएको छ। संघीय संरचनामा यस पालिकामा रहेको सामाजिक विकास शाखाले शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन, लैगिक समानता तथा सामाजिक समावेशीकरण(महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति लगाएतका विषयमा नेतृत्वदायी एवम् समन्वयकारी भूमिका निर्वाह गर्दछ।

विषयगत रुपमा शिक्षा शाखाले पूर्व बाल विकासदेखि कक्षा १२ सम्म बालबालिकाका लागि शिक्षा, विज्ञान र प्रविधि सम्बन्धी कार्यहरु गर्दछ। महिला तथा बालबालिका शाखाले बालहिंसा, बालसंरक्षण , बालश्रम, बाल स्वास्थ्य र पोषण सम्बन्धी विषय सम्बोधन गर्दछ।

बालबालिका सम्बन्धी ऐन २०७५ ले महिला तथा बालबालिका शाखाको निर्देशन र संरक्षकत्वमा स्थानीय बालअधिकार समिति र स्थानीय सरकार सञ्चालन ऐन २०७४ का अनुसार गाउपालिका उपाध्यक्षको संयोजकत्वमा न्यायीक समिति रहने व्यवस्था छ। बालबालिका

सम्बन्धी कार्यविधि २०७७ ले सबै वडामा वडास्तरीय बालअधिकार समिति रहने व्यवस्था गरेको छ। बालमैत्री स्थानीय शासन रणनीति २०७७ ले स्थानीय तहका संरचनाहरुमा बालबालिकाको प्रतिनिधित्वलाई सुनिश्चित गरेको छ भने बालक्ल्व गठन तथा सहजीकरण कार्यविधि २०७४ का अनुसार बालक्लव/समूह तथा सञ्जाल गर्ने व्यवस्था बमोजिम समुदाय र विद्यालयस्तरमा बालक्लवहरु गठन भएका छन्।

## १.७ दिगो विकास लक्ष्य र बालबालिका

नेपालमा सहस्राब्दी विकास लक्ष्यहरु बालबालिकाको शिक्षा र स्वास्थ्य सम्बन्धी सूचकाङ्कहरुमा उल्लेख्य सुधार भएका छन्। सन् २०३० सम्मका लागि तयार भएको दिगो विकास लक्ष्यहरु १७ वटा, परिलक्ष्यहरु १६९ र सूचकहरु २३० मध्ये बालबालिकासंग सम्बन्धित हुने विभिन्न ८ वटा लक्ष्यहरु, ३५ वटा परिलक्ष्यहरु र ७६ वटा सूचकहरु रहेको देखिन्छ। यसमध्ये अधिकांश शिक्षा, स्वास्थ्य, बालहिंसा, सामाजिक सुरक्षा कार्यक्रम, मानसिक वा शारीरिक सजाय, बेचविखनपीडित र जन्मदर्ताजस्ता विषयहरु रहेका छन्। बालबालिकासंग प्रत्यक्ष सम्बन्धित सूचकहरु अनुसूची १ मा दिइएको छ।

## १.८ राष्ट्रिय जनगणना र बालबालिका

मानव अधिकार आयोग ऐनले नेपालको संविधानमा उल्लेखित व्यवस्था अनुरूप मानव अधिकारको संरक्षण, सम्र्बद्धन र प्रभावकारी कार्यान्वयनका लागि एक स्वतन्त्र र स्वायत्त संस्थाका रूपमा राष्ट्रिय मानव अधिकार आयोग स्थापना भएको छ। यस आयोगले मानव अधिकारको उल्लङ्घन गर्ने पक्षहरू र कुनै व्यक्ति संस्था वा सङ्गठनले उक्त अधिकार हनन् प्रति देखाएको उदासिनताका बारेमा अनुसन्धान गर्ने काम गर्दछ।

विगत केही दशकदेखि जनसंख्याको वृद्धिदर र कूल जनसंख्यामा बालबालिकाको प्रतिशतमा महसुस हुने गरी परिवर्तन भइरहेको छ। राष्ट्रिय जनगणना २०४८, २०५८ र २०६८ मा जनसंख्या वृद्धिदर क्रमश: २.०८, २.२५ र १.३५ रहेको छ। २०४८ सालको जनगणनाको तुलनामा पछिल्ला जनगणनाहरुमा कूल जनसंख्यामध्ये १८ वर्षमुनिका बालबालिकाको प्रतिशत क्रमश: घट्दै आएको देखिएको छ। बालबालिकाको संख्या र प्रतिशत तालिका १ मा दिइएको छ।

**तालिका १ : बालबालिकाको जनसंख्या**

| **जनसंख्या** | राष्ट्रिय जनगणना २०६८ | घरधुरी सर्वेक्षण २०७६ |
|---|---|---|
| जम्मा जनसंख्या | २२,०३३ | २४१२२ |
| बालबालिकाको जनसंख्या | ९,४२२ | ९७१९ |
| १८ वर्ष मुनिका बालबालिकाको प्रतिशत | ४३ | ४०.२९ |
| १६ वर्ष मुनिका बालबालिकाको प्रतिशत | ३५ | ३४.१५ |
| १४ वर्ष मुनिका बालबालिकाको प्रतिशत | ३० | २८.२१ |
| ५ वर्ष मुनिका बालबालिकाको प्रतिशत | ९ | ९ |

## १.९ बालबालिका सम्बन्धी केही समष्टिगत सूचक र स्थिति

गुराँस गाउँपालिकाले बालबालिकासँग सम्बन्धित केही नीति तथा कार्यविधिहरु तयार गरी लागु गरेपछि बालबालिका सम्बन्धी भएगरेका विभिन्न प्रयासको परिणाम स्वरुप बालबालिकाको समग्र स्थितिमा सुधार आएको छ। बालबालिका सम्बन्धी केही समष्टिगत सूचक र बालबालिकाको स्थित तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २ : बालबालिका सम्बन्धी केहि समष्टिगत सूचक र स्थिति**

| क्र. सं | सूचक | आ.व. २०७७/२०७८ |
|---|---|---|
| १. | कुल जनसंख्या | २४१२२ |
| २. | १८ वर्ष मुनिका बालबालिका प्रतिशत | ४०.२९ |
| ३. | १६ वर्ष मुनिका बालबालिका प्रतिशत | ३४.१५ |
| ४. | १४ वर्ष मुनिका बालबालिका प्रतिशत | २८.२१ |
| ५. | ५ वर्ष मुनिका बालबालिका | ९ |
| ६. | प्राथमिक तहमा खुद भर्नादर | ९८.२ |
| ७. | कक्षा १ मा भर्ना भई कक्षा ५ पुगेका बालबालिका | ९२.५७ |
| ८. | निमावि तहमा खुद भर्नादर | ९८ |
| ९. | आधारभूत तहको खुद भर्नादर | ९८ |
| १०. | मावि तहमा खुद भर्नादर (कक्षा ११ र १२) को खुद भर्नादर | ९६ |

| | | |
|---|---|---|
| ११. | नवजात शिशु मृत्यु दर | ० |
| १२. | शिशु मृत्यु दर प्रतिहजारमा | ० |
| १३. | बाल मृत्यु दर | ० |
| १४. | कुपोषण उचाई अनुसार तौल नपुगेका | ११९ |
| १५. | मातृ मृत्यु दर | ० |
| १६ | दक्ष स्वास्थ्यकर्मीबाट प्रसुति दर | ४० |

## १.१० आर्थिक वर्ष २०७२/०७३ सालदेखि हालसम्म देखिएका परिवर्तन

संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धिलाई अनुमोदन गरेपछि नेपाल सरकार बालबालिकाको विकास तथा अधिकार संरक्षणको विषयमा उल्लेख्य रुपमा प्रयासरत रहेको छ । संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ लाई नेपालले अनुमोदन गर्नुअगाडि र सोपछि बालबालिकासँग सम्बन्धित विषयको अवस्थाको तुलनात्मक सिंहावलोकन निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका ३ : बालबालिकासँग सम्बन्धित स्थितिको तुलनात्मक सिंहावलोकन**

| आ.व. २०७२/२०७३ | आ.व.२०७६/२०७७ |
|---|---|
| संविधानमा बालबालिका सम्बन्धि केही प्राव्धानहरु भएको | नेपालको संविधान बाल अधिकारको दृष्टिकोणबाट विस्तृत र प्रगतिशील व्यवस्थाहरु भएको |
| बालबालिका सम्बन्धी छुट्टै विशेष कानून नभएको | विशेष ऐनको रुपमा बालबालिका सम्बन्धी ऐन भएको साथै स्थानीय सरकार सञ्चालन ऐन, अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, बालश्रम निषेध तथा नियमित गर्ने) ऐन जस्ता कानूनहरु प्रचलनमा रहेको |
| बालबालिका केन्द्रित छुट्टै संस्थागत व्यवस्था नभएको | बालबालिका सम्बन्धी मन्त्रालय र केन्द्रीय बाल कल्याण समिति हुँदै राष्ट्रिय बाल अधिकार परिषद् लगायत संघ र प्रदेशमा विभिन्न मन्त्रालय र विभागमा बालबालिका सम्बन्धी महाशाखा तथा शाखा, नेपाल प्रहरीमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय, सेवा केन्द्र, बालबालिका खोजतलास समन्वय केन्द्र नं. १०४ र बाल हेल्पलाइन नं. १०९८ र अन्य विभिन्न संस्थागत व्यवस्था रहेको |
| आवधिक योजनामा बालबालिका सम्बन्धी थोरै विषय समावेश भएको | आवधिक योजनामा बालबालिकाको विषयलाई प्राथमिकता दिइएको |

| | |
|---|---|
| बालबालिकाको विषयमा स्थानीय कार्ययोजना नरहेको | बालबालिकाको लागि स्थानीय नीति तथा योजनाहरु लागू रहेको |
| बाल संरक्षण सम्बन्धी विषयहरुमा खासै कार्यविधि तथा निर्देशिकाहरु नभएको | बालबालिका सम्बन्धि कार्यविधि, बालसहभागीता सम्बन्धी कार्यविधि, बालविवाह न्यूनिकरण योजन, बाल कोष सञ्चालन कार्यविधि लगाएतका आधा दर्जन बढी नीति तथा निर्देशिकाहरु रहेको |
| जोखिममा परेका बालबालिकाका लागि थोरै कार्यक्रम रहेको | जोखिममा रहेका बालबालिकाहरुको लागि बाल कोष स्थापना गरी दिर्घकालिन रणनीति तयार गरेको |
| बालबालिका सम्बन्धी सीमित संवेदनशीलता र चासो रहेको | सरकारी र गैरसरकारी क्षेत्रमा बालबालिका सम्बन्धी संवेदनशीलता र चासो उल्लेख्य रुपमा बढ्दै आएको |
| विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको सहयोग तथा हेरचाह गर्ने निकाय र संस्थाहरु सीमित रहेको | विशेष संरक्षणको आवश्यकता भएका बालबालिका लक्षित उल्लेख्य संख्यामा सरकारी तथा स्थानीय गैरसरकारी संस्थाहरु क्रियाशील रहेको |

## १.११ स्थानीय सरकारको बार्षिक बजेट र बालबालिका

पालिकाले गरिबी न्यूनीकरण, लैङ्गिक समानता र जलवायु परिवर्तनको सवालमा स्थानीय नीति, योजना, कार्यक्रम र समन्वयमा थप जोड दिएको छ। यसैको फलस्वरुप वार्षिक विकास कार्यक्रम तथा बजेटमा गरिवी न्यूनीकरण, लैङ्गिक समानता र जलवायु परिवर्तनलाई न्यूनीकरण गर्न स्थानीय तहको बजेट तथा नीतिमा उल्लेख्य मात्रा सुधार गर्दै आएको छ। यसबाट प्रत्येक आर्थिक बर्षको बजेटमा उक्त विषयगत क्षेत्रहरुमा के कति बजेट विनियोजन गरिएको छ र कति बजेट खर्च भयो भन्ने जानकारी प्राप्त हुन्छ।

नेपाल संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धिको एक पक्षधर राष्ट्र हो। उक्त महासन्धिका प्रावधानहरु अनुसार बाल अधिकार संरक्षण र प्रवर्द्धनका लागि संविधान, कानून, नीति, योजना र कार्यक्रमहरुमा उत्साहवर्द्धक सुधारहरु भएका छन्। महासन्धिको धारा ४ ले बालबालिका सम्बन्धी कार्यहरुका लागि आर्थिक लगायत अन्य स्रोतको व्यवस्थापनमा उपयुक्त ध्यान दिनुपर्नेमा जोड दिएको छ। वार्षिक बजेटमा बालबालिकासँग सम्बन्धित विनियोजन हुने बजेटको विश्लेषण हुनुपर्ने आवश्यकता देखिएको छ। कार्यक्रम बजेटमा नै सम्बन्धित मन्त्रालयहरुको बजेटमध्ये बालबालिकाको विकास तथा अधिकारको संरक्षण र प्रवर्द्धनमा योगदान पुऱ्याउने कार्यक्रम बजेटको विश्लेषण हुनुपर्ने देखिन्छ।

बालअधिकारको संरक्षण र सम्बर्द्धनका लागि गठन भएको गुराँस गाउँपालिकास्तरीय नागरिक समाजले विगत ३ वर्ष देखि बालबालिका लक्षित बजेट विश्लेषण गर्दै आएको छ। विशेष गरी

स्वास्थ्य, पोषण, पूर्वाधार निर्माण लगाएतका क्षेत्रमा विनियोजन गरेको बजेटबाट बालबालिकालाई प्रत्यक्ष फाईदा पुग्ने योजनाहरु के कति छन् र त्यसको कार्यान्वयनको अवस्थाका बारेमा नागरिक समाजले बजेट विश्लेषण गरि सार्वजनिक गर्ने गर्दछ। यस अनुसार आर्थिक वर्ष २०७७/०७८ सम्म तिन आर्थिक वर्षको बजेट विवरण निम्नानुसार प्रस्तुत गरिएको छ।

**तालिका ४ : बालबालिका लक्षित बजेट विनियोजनको अवस्था**

| बालबालिका लक्षित बजेट | आ.व. २०७५/२०७६ | आ.व. २०७६/२०७७ | आ.व.२०७७/२०७८ |
|---|---|---|---|
| बाल बचाउ | १४.८२ | १७.७२ | ३७.९५ |
| बालसंरक्षण | २५.१५ | २१.२७ | २.६९ |
| बालविकास | ५५.५५ | ५८.२९ | ५८.१९ |
| बाल सहभागीता | ४.४९ | २.७२ | १.१७ |

## १.१२ बाल दिवस र मूल सन्देश

नेपालमा बालदिवस मनाउने कार्यको इतिहास केलाउँदा तत्कालीन मुमा बडामहारानी रत्न राज्यलक्ष्मी देवी शाहले भारत भ्रमण गर्ने क्रममा भारतका राजनेता महात्मा गान्धीको जन्म दिनको अवसरमा बालदिवस मनाउने गरेको र प्रभावशाली राजनेताद्वारा समाज सेवामा सक्रियताका साथ योगदान गरेको देख्नुभयो। यस कार्यबाट प्रभावित भएर रत्न राज्यलक्ष्मी देवी शाहले आफ्नो जन्म दिन पारेर २०२१ साल भदौ ४ गते नेपालमा बाल संगठन स्थापना गरी बाल मन्दिरमार्फत अनाथ बालबालिकाको लालनपालन तथा संरक्षण गर्ने कार्यको थालनी गर्न लगाउनु भयो। यसैको सम्झनामा २०२२ सालदेखि भदौ ४ गतेका दिन राष्ट्रिय बालदिवस मनाउने प्रचलन गरिएको बुझिएको छ। नेपाल सरकारले संयुक्त राष्ट्रसंघको बाल अधिकार महासन्धि, १९८९ लाई सन् १९९० को सेप्टेम्वर १४ का दिन (२०४७ साल भदौ २९ गते अनुमोदन गरेको अवसरको सम्झनामा २०६३ सालदेखि भदौ २९ गते राष्ट्रिय बालदिवस मनाउन थालिएको हो। सोपश्चात बालबालिका सम्बन्धी विभिन्न नाराका साथ राष्ट्रिय बालदिवस मनाउँदै आइरहेको छ।

यस वर्षको राष्ट्रिय बालदिवस "विपदमा बाल अधिकारको सुनिश्चितता : हामी सबैको साझा प्रतिवद्धता" भन्ने मूलनाराका साथ भव्य र सभ्य तरीकाले सम्पन्न भएको छ। राष्ट्रिय बालदिवसको अवसरमा गाउपालिका अध्यक्ष श्री खेमराज ओलीले दिनु भएको आम सन्देशले स्थानीय सरकार बाल अधिकार सुनिश्चितताका लागि दृढ रहेको देखिएको छ।

# परिच्छेद: २ बाल बचावतट

## २.१ परिचय

बाल अधिकार सम्बन्धी महासन्धिमा बाल बचावटसँग सम्बन्धित दीर्घ जीवन र विकास (धारा ६) एवम् स्वास्थ्य सम्बन्धी अधिकार (धारा २४) अन्तर्गत मूलत: गर्भ र जन्मको अवस्था, खोप, शिशु तथा बाल मृत्युदर, बाल पोषण, एचआइभी/एड्स संक्रमित तथा प्रभावित बालबालिका लगायत बालस्वास्थ्य एवम् किशोरकिशोरी स्वास्थ्य जस्ता विषयहरू यस परिच्छेदमा समावेश गरिएका छन् ।

नेपालको संविधानको धारा ३५ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त गर्ने हकको व्यवस्था छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १४ मा प्रत्येक बालबालिकालाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गरिएको छ ।

## २.२ सुरक्षित गर्भ र जन्मको अवस्था

गुराँस गाउपालिका गर्भवतीको स्वास्थ्यप्रति संवेदनशील छ । गर्भ र जन्मको अवस्था बाल बचावटको आधार हो । मुलुकी अपराध संहिता ऐन, २०७४ मा यदि गर्भपतन नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा पुग्न सक्छ वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराब हुन सक्छ वा विकलाङ्ग बच्चा जन्मन्छ भनी इजाजत प्राप्त चिकित्सकको रायसहित गर्भवती महिलाको मञ्जुरीले बाह्र हप्तासम्मको गर्भपतन गराउन सकिने व्यवस्था छ । साथै, जबरजस्ती करणी वा हाडनाता करणीबाट रहन गएको अठार हप्तासम्मको गर्भ तथा रोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जीवाणु (एचआईभी) वा त्यस्तै प्रकृतिको अन्य निको नहुने रोग शरीरमा भएकी महिलाको मञ्जुरीले गर्भपतन गराउन सकिने प्रावधान छ । तर कसैले गर्भवती महिलालाई करकाप गरी वा धम्की दिई वा ललाइफकाइ वा प्रलोभनमा पारी गर्भपतन गराउन हुँदैन र गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान गरी गरिने गर्भपतनलाई गैरकानूनी कार्य मानिएको छ । साथै, सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ मा अवाञ्छित वा गर्भवतीको स्वास्थ्यमा खतरा उत्पन्न हुन सक्ने अवस्थामा गर्भपतन गराउन सकिने, तर बलपूर्वक गर्भपतन गराउन र लिङ्ग पहिचान गरी गर्भपतन गर्न नहुने व्यवस्था रहेको छ ।

यी कानूनी व्यवस्थाहरुबाट नेपालमा व्याप्त रहेको छोरा प्रतिको मोह अथवा छोरी प्रतिको पूर्वाग्रह तथा भेदभावका कारण हुने स्त्री जातिको भ्रुणको हत्याको परिपाटीलाई निरुत्साह गर्ने प्रयास भएको छ । कसैले भ्रुणहत्या गरेमा वा गराएमा गर्भधारणको अवधि हेरी १ वर्ष देखि ५ वर्षसम्म कैद र दश हजारदेखि पचास हजारसम्म जरिवाना हुने कानूनी व्यवस्था रहेको छ ।

कृपा (CREHPA) नामक संस्थाले २०७३ सालमा गरेको अध्ययनबाट नेपालमा १५ देखि ४९ वर्षसम्मका प्रजनन् उमेर समूहका महिलाहरुमा गर्भपतन गराउने दर प्रति हजारमा ४२

रहेको देखिएको छ। बालबालिकालाई जन्मनुअघि र जन्मेपछि आवश्यक स्याहार र पोषण सहयोग गर्ने ध्येयले बाल स्वास्थ्य र पोषण लगायत सुनौला हजार दिनजस्ता बालस्याहारका कार्यक्रमहरु सञ्चालनमा रहेका छन्। गर्भवतीले प्रसूतिपूर्व कम्तीमा चारपटक स्वास्थ्य संस्थामा गर्भ जाँच गराउनु पर्ने, स्वास्थ्य संस्थामा दक्ष चिकित्सकबाट प्रसूति गराउनु पर्ने र प्रसूतिपश्चात कम्तीमा तीनपटक स्वास्थ्य अवस्था जाँच गर्नुपर्ने व्यवस्था रहेको छ।

गुराँस गाउँपालिका स्वस्थ्य इकाईका अनुसार आ.व. २०७५/०७६ मा प्रसूतिपूर्व कम्तीमा चारपटक गर्भजाँच गराउने २७८ जना रहेकोमा र आ.व. २०७६/०७७ मा २९१ जना देखिएको छ। प्रसूतिपश्चात तीनपटक स्वास्थ्य जाँच गर्नेको प्रतिशत आ.व. २०७५/०७६ मा १७२ जना र आ.व. २०७६/०७७ मा १७७ रहेको छ। स्वास्थ्य संस्थामा प्रसूति गराउने कार्यमा सुधार आएता पनि प्रसूतिपूर्व स्वास्थ्य जाँच गराउने प्रवृत्तिमा गिरावट आएको स्थितिप्रति सरकारी एवम् अन्य सम्बद्ध सबै सरोकारवालाहरुको ध्यानाकर्षण हुन र प्रभावकारी प्रयास हुन सख्त जरुरी छ।

गर्भवती र बच्चाको स्वास्थ्यको लागि आइरन, क्याल्सियम, भिटामिन लगायतका औषधिहरू अस्पताल तथा स्वास्थ्य चौकीबाट निःशुल्क उपलब्ध गराइने व्यवस्था छ। विभिन्न किसिमका खोपहरु समुदाय एवम् स्वास्थ्य संस्थाहरुमा प्रदान गरिन्छ। सरकारी अस्पताल तथा स्वास्थ्य चौकीमा सुत्केरी गराउने महिलालाई निःशुल्क सेवा उपलब्ध गराई यातायात खर्चसमेत प्रदान गर्ने गरिएको छ। पूर्व प्रसुती र प्रसुतीपश्चात प्रदान गरिनुपर्ने स्वास्थ्य सेवा पनि सञ्चालनमा रहेको छ। तथापी, यी सेवासुविधामा सबै लक्षित समूहका महिला तथा शिशुहरुको पहुँच सुनिश्चित हुन बाँकी रहेको देखिएको छ। छोराको चाहनामा छोरी गर्भमा हुँदा एवम् अनिच्छित गर्भ हुँदा विवाहित महिलाहरुबाट र अविवाहित किशोरीहरुबाट गर्भपतन गराउने घटनाहरु प्रकाशमा आएको पाइन्छ। यस विषयतर्फ सरकारी संयन्त्रको प्रभावकारी प्रयास हुन जरुरी छ।

आ.व.२०७७/७८ को बार्षिक बजेटमा आमा र बच्चाको पोषण सुनिश्चित गर्न गर्भावस्था देखिनै प्रसूति सुरक्षा सेवा पुऱ्याइने तथा बालस्वास्थ्य र पोषण कार्यक्रमलाई थप प्रभावकारी बनाइने उल्लेख छ।

## २.३ खोप शिशु तथा बाल स्वास्थ्य

स्थानीय सरकारले बाल स्वास्थ्य सम्बन्धी नीति र कार्यक्रममा प्राथमिकता दिएको छ। नवजात शिशु र बालरोगको समुदायमा आधारित एकीकृत व्यवस्थापन कार्यक्रम उच्च प्राथमिकतामा रहेको छ। बाल बचावट प्रयासको यस एकीकृत प्याकेजले नवजात शिशुको विभिन्न स्वास्थ्य समस्याहरुको उपचारको व्यवस्थापन गर्दछ। यस व्यवस्थापनलाई संस्थामा आधारित नवजात शिशु र बालरोगको एकीकृत व्यवस्थापन कार्यक्रमसंग सम्बन्धित गरिएको छ। नवजात शिशु र बाल स्वास्थ्यमा जटिलता देखिएको अवस्थामा यस व्यवस्थाबाट समस्या सम्बोधन गर्न सहज

हुन जान्छ। सुत्केरी, नवजात शिशु र बाल स्वास्थ्यमा खतरायुक्त सङ्केत देखिएमा तत्काल समस्याहरु सम्बोधन गर्नका लागि स्वास्थ्य जाँच नगरिकनै प्रयोग गर्न सकिने किसिमका सामान्य औषधिहरु महिला स्वास्थ्य स्वयम् सेवकबाट वितरण गर्ने कार्यहरु गरिन्छ। निज स्वयम् सेवकहरुले सुत्केरी र नवजात शिशुको सामान्य स्वास्थ्य समस्याहरुमा परामर्श दिने कार्यहरु गर्दछन् । नेपाल स्वास्थ्य क्षेत्र रणनीति (२०७२-२०७७) मा नवजात शिशु र बालरोगको एकीकृत व्यवस्थापनका लागि छुट्टै लक्ष्य, परिलक्ष्य, उद्देश्य, रणनीति र कार्यहरु समावेश गरिएको छ। बाल स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुको नतिजास्वरुप शिशु र बाल स्वास्थ्यमा सुधार आएको छ। एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालनमा छ।

बालबालिकाका लागि दिइने खोप कार्यक्रम उच्च प्राथमिकतामा रहेको छ। क्षिण एसियाली मुलुकहरुमा राष्ट्रिय खोप ऐन लागू भएको नेपाल पहिलो मुलुक हो। राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत ११ किसिमका खोपहरु समावेश गरिएका छन् । यस कार्यक्रमलाई प्रभावकारी बनाउन विस्तृत बहु-वर्षीय योजना सन् २०१७-२०२१ कार्यान्वयनमा रहेको छ। नेपाललाई सन् २०१४ को मार्च २७ तारिखका दिन पोलियोरहित मुलुकको रुपमा मान्यता दिएको छ। यस पालिकामा रहेका साविकका गाविसहरु विगतमै पूर्ण खोप गाविस घोषणा भईसकेका छन् । तिन आर्थिक वर्षमा खोप पाएका बालबालिकाको प्रतिशत तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ५ : खोपको विवरण**

| क्र.सं. | खोप | आ.व. २०७४/२०७५ | आ.व. २०७५/२०७६ | आ.व. २०७६/२०७७ |
|---|---|---|---|---|
| १ | बिसिजी (१ वर्षमुनिका) | ४०९ | ३९८ | ३०३ |
| २ | डिपिटी हिप १ (१ वर्षमुनिका) | ३८६ | ४८२ | ३९२ |
| ३ | डिपिटी हिप २ (१ वर्षमुनिका) | ४१० | ४६५ | ३९२ |
| ४ | डिपिटी हिप ३ (१ वर्षमुनिका) | ३९१ | ४५९ | ३६९ |
| ५ | ओपिभी १ (१ वर्षमुनिका) | ३८६ | ४८२ | ३९२ |
| ६ | ओपिभी २ (१ वर्षमुनिका) | ४१० | ४६५ | ३९२ |
| ७ | ओपिभी ३ (१ वर्षमुनिका) | ३९१ | ४५९ | ३६९ |
| ८ | दादुरा रुबेला (१ वर्षंमनिका) | ३८५ | ४५६ | ४२४ |
| ९ | जापानिज इन्सेफलाइटिस् (१२(२३ महिना) | ५०१ | ४१३ | ३९० |
| १० | पूर्ण खोप पाएका बालबालिका | ४५० | ४१३ | ३५६ |

### तालिका ६ : बालबालिकाको मृत्युदर सम्बन्धी सूचक र स्थिति

| सूचक | आ.व. २०७४/२०७५ | आ.व. २०७५/२०७६ | आ.व. २०७६/२०७७ |
|---|---|---|---|
| नवजात शिशु मृतत्युदर | ० | ० | ० |
| शिशु मृत्यू दर प्रतिहजारमा | ० | ० | ० |

## २.४ पोषण

नेपालको संविधानले सबै नागरिकको खाना, स्वास्थ्य र पोषणको अधिकार सुनिश्चित गरेको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १३ मा बालबालिकाको पोषण तथा स्वास्थ्यको अधिकार अन्तर्गत - (१) प्रत्येक बालबालिकालाई उचित पोषण, सफा खानेपानी तथा दुई वर्षसम्मका बालबालिकालाई स्तनपानको समेत अधिकार हुनेछ, (२) गर्भवती र बालबालिकालाई रोगबाट बच्न आवश्यक खोपहरू लिन पाउने र राष्ट्रिय मापदण्ड अनुरूपको शारीरिक तथा मानसिक स्वास्थ्य सेवा उपभोग गर्न पाउने, उमेर र परिपक्वता अनुसार शरीर, प्रजनन् तथा प्रजनन् स्वास्थ्य सम्बन्धी जानकारी पाउने अधिकार हुनेछ, र (३) प्रत्येक बालबालिकालाई नि:शुल्क औषधि उपचारको अधिकार हुनेछ भन्ने प्रावधानहरु रहेका छन् । यी प्रावधानहरुबाट सरकारले बाल स्वास्थ्य र पोषणको विषयलाई प्राथमिकतामा राखेको देखिएको छ । संयुक्त राष्ट्र संघको विशेष सभाले सन् २०१६-२०२५ को दशकलाई पोषण कार्यको दशकको रुपमा घोषणा गरेको छ । नेपाल सरकारले सबै प्रकारका कुपोषणको समस्यालाई सम्बोधन गर्न राष्ट्रिय पोषण रणनीति, २००४ कार्यान्वयनमा रहेको छ । यसैगरी बहु-क्षेत्रीय पोषण योजना कार्यान्वयनमा रहेको छ । स्वास्थ्य मन्त्रालयबाट मातृशिशु तथा बालबालिकाको पोषण स्थिति सुधारका लागि रणनीतिक योजना लागू गरिएको छ । सुनौलो हजार दिन कार्यक्रम सञ्चालनमा छ । बालबालिकाको पोषण सूचकहरुको स्थिति तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ७ : बालबालिकाको पोषण सूचकहरु**

| सूचक | आ.व. २०७४/२०७५ | आ.व. २०७५/२०७६ | आ.व. २०७६/२०७७ |
|---|---|---|---|
| कुपोषण उचाई अनुसार तौल नपुगका (६ देखि २४ महिनाका बालबालिका प्रतिशत | ० | ० | ११९ |
| कुपोषण -उमेर अनुसार उचाई नपुगेका ६ देखि ५९ महिनाका बालबालिका | ० | ० | |
| ख्याउटे बालबालिका | ० | ० | |
| जन्मदा कम तौल भएका बालबालिका | ० | ० | ८ |
| पाँच बर्षमुनिका बढी तौल भएका बालबालिका | ० | ० | |
| जम्मा | ० | ० | |

**श्रोत : स्वास्थ्य ईकाई शाखा गुराँस गाउँपालिका**

## २. ५ किशोरकशोरीको स्वास्थ्य अवस्था

विश्व स्वास्थ्य संगठनले १०-१९ वर्ष उमेर समूहका व्यक्तिहरुलाई किशोरकिशोरी भनी परिभाषित गरेको पाइन्छ। माथि बुँदा २.२ देखि २.४ सम्म मूलतः पाँच वर्षसम्मका बालबालिकाको स्वास्थ्य तथा पोषण अवस्थाबारे उल्लेख गरिएको छ। यस बुँदामा बालस्वास्थ्य एवम् किशोरकिशोरी स्वास्थ्यबारे थप जानकारी दिने प्रयास गरिएको छ। किशोरकिशोरीको प्रजनन् र यौन सम्बन्धी विषय स्वास्थ्य क्षेत्रको प्राथमिकतामा रहेको छ।

प्रजनन् र यौन स्वास्थ्यको विषयमा किशोरकिशोरीले अनुभव गरेका समस्याहरु सम्बोधन गर्न राष्ट्रिय किशोरकिशोरी स्वास्थ्य र विकासको रणनीति, २०५७ लाई २०७४ सालमा पुनरावलोकन तथा सुधार गरिएको छ। यस रणनीतिले किशोरकिशोरीको यौन तथा प्रजनन् स्वास्थ्यमा सुधार गर्ने लक्ष्य लिएको छ भने किशोरकिशोरी स्वास्थ्य र विकास सम्बन्धी सूचनाको उपलब्धता र सरोकारवालाहरुको उक्त सूचनामा पहुँच बढाउने तथा व्यापकरुपमा चेतना जागरण गर्ने लगायत किशोर किशोरीमैत्री स्वास्थ्य सेवा विस्तार गर्ने उद्देश्यहरु रहेका छन्। गुराँस गाउँपालिका स्वास्थ्य इकाईको प्रतिवेदन अनुसार विवाहित किशोरीहरुमध्ये (१५-१९ वर्षका किशोरकिशोरी मध्ये) ८८ जनाले पहिलो बच्चा जन्माएको वा गर्भवती भएको तथा ७७ जनाले परिवार नियोजनका साधनहरु प्रयोग गरेको अनुमान रहेको छ। एचआइभीबाट संक्रमित किशोरकिशोरीको तथ्याँक यसपालिकामा देखिदैन।

किशोरकिशोरीको यौन तथा प्रजनन् स्वास्थ्य विषयमा सरकारी संयन्त्र लगायत विकासका साझेदार संस्थाहरु क्रियाशील रहेका छन् । यस अन्तर्गत किशोरकिशोरीको यौन तथा प्रजनन् स्वास्थ्य विषयको सेवा विस्तार (सबै जिल्लाहरुमा), सेवा प्रदायकहरुलाई तालिम, गुणस्तरीय र किशोरकिशोरीमैत्री सूचना र सेवा प्रवाह, अभिभावक, शिक्षक, सेवा प्रदायकलाई समेत चेतना जागरण, विद्यालयमा यौन शिक्षा सम्बन्धी सूचना केन्द्र, विद्यालयमा स्वास्थ्य तथा रजस्वला स्वास्थ्य व्यवस्थापन, यौनिकता शिक्षा, बालिकालाई रुपान्तरण शिक्षा जस्ता कार्यक्रमहरु सञ्चालन भइरहेका छन् ।

उच्च बालविवाह हुनु, सानै उमेरमा गर्भवती हुनु, लैङ्गिक हिंसा हुनु, महिनावारी सम्बन्धमा छुवाछुत हुनु, परिवार नियोजन साधनको माग पुरा नहुनु, यौन र प्रजनन् स्वास्थ्यमा दक्ष जनशक्तिको कमी हुनु, स्वास्थ्यका अन्य सेवासँग पर्याप्त अन्तरसम्बन्ध नहुनु, पर्याप्त जनचेतना नहुनु जस्ता कारणहरुबाट किशोरकिशोरी स्वास्थ्यमा देखिएका केही समस्याहरु हुन् । यसतर्फ सरोकारवालाहरुको ध्यान जानु जरुरी देखिएको छ ।

## २.६ स्वास्थ्य संस्थाहरु

बालबालिकालाई समेत स्वास्थ्य सेवा प्रवाह गर्नका लागि २२ वटा खोप केन्द्र, ६ वटा .स्वास्थ्य चौकि र सामुदायीक स्वास्थ्य इकाई ३ वटा रहेका छन भने १ प्रस्तावित गुराँस अस्पताल रहेको छ ।

अन्त्यमा, संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धिको प्रावधानहरु अनुसार बाल बचावटको विषय अन्तर्गत बालबालिका गर्भमा रहेदेखि जन्मको अवस्थासम्मको स्वास्थ्य सेवासुविधामा, विविध खोपहरु लगायत निःशुल्क औषधिहरु सबै बालबालिकाले पाउनु पर्ने विषयमा, बालस्वास्थ र पोषण लगायत किशोरकिशोरीको स्वास्थ्य एवम् एचआइभी/एड्सबाट संक्रमित बालबालिकाको स्वास्थ्यको विषयमा सुधारका लागि लगानी बढाउँदै कार्यान्वयन थप प्रभावकारी बनाउन आवश्यक देखिएको छ ।

# परिच्छेद : ३ बाल संरक्षण

## ३.१ परिचय

यस परिच्छेदमा बाल अधिकार सम्बन्धी महासन्धिमा व्यवस्था भएका बाल संरक्षणका मुख्य विषयहरुमध्ये आमाबाबुबाट स्याहार (धारा ५), जन्मदर्ता (धारा ७), गोपनीयताको हकको संरक्षण (धारा १६), सबै प्रकारको हिंसाबाट संरक्षण (धारा १९), पारिवारिक स्याहारको वातावरण नभएका बालबालिकालाई विशेष वा बैकल्पिक स्याहार (धारा २०), धर्म सन्तान (धारा २१), शरणार्थी बालबालिका (धारा २२), बालश्रम  (धारा ३२), यौनशोषण (धारा ३४), अपहरण र बेचबिखन (धारा ३५), थुना र सजाय (धारा ३७), पीडित बालबालिकाको पुनर्स्थापना (धारा ३९), बाल न्याय (धारा ४०)  लगायतका विषयहरुमा उपलब्ध भएका सूचना तथा तथ्याङ्क प्रस्तुत गरिएको छ ।

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ मा बालबालिकाको संरक्षण सम्बन्धी व्यवस्था र दफा ४८ मा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको विवरण समावेश । दफा १८ मा राज्यको दायित्व अन्तर्गत विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पालनपोषण, संरक्षण, स्वास्थ्य र शिक्षा लगायतका आधारभूत आवश्यकताको व्यवस्था गर्नुपर्ने, राज्यले उपलब्ध स्रोत साधनको आधारमा आवश्यक व्यवस्था मिलाउनेछ भन्ने उल्लेख छ । विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई वैकल्पिक हेरचाहको व्यवस्था मिलाउनु पर्ने तथा आवश्यकता अनुरुप संरक्षक तोक्ने सम्बन्धमा समेत ऐनले व्यवस्था गरेको छ । त्यसैगरी हरेक स्थानीय तहमा बाल कल्याण अधिकारीको व्यवस्था समेत ऐनले गरेको छ । बाल कल्याण अधिकारीले बालबालिकाको तत्काल उद्धार गर्नुपर्ने देखेमा उद्धार गरी अस्थायी संरक्षण सेवामा राख्न सक्नेछ । सहयोग प्रायोजन, परिवार सहयोग, संरक्षक नियुक्ति, धर्मपुत्र/धर्मपुत्री, आवासीय बालगृह लगायत बालबालिकाको संरक्षणको लागि आवश्यक व्यवस्थापन गर्ने प्रावधानहरु रहेका छन् । यी कानूनी प्रावधानहरुबाट नेपालको कानून बालमैत्री रहेको देखिन्छ ।

## ३.२ बालश्रम

बालश्रमको विषयमा नेपाल सरकार संवेदनशील रहेको छ । नेपालको संविधानको धारा ३९ को उपधारा ४ मा कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन बन्देज लगाएको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ ले १८ वर्षमुनिका व्यक्तिलाई बालबालिका भनी परिभाषित गरेको छ । ऐनको दफा ७ को उपदफा (६) मा प्रत्येक बालबालिकालाई आर्थिक शोषण हुनबाट संरक्षण पाउने अधिकार उल्लेख गरिएको छ । बालबालिकालाई हानि हुने, शिक्षामा बाधा अड्चन हुने, स्वास्थ्य, शारीरिक, मानसिक, नैतिक, सामाजिक विकासमा हानि पुग्ने कुनै पनि कामबाट संरक्षित हुन पाउने कुरा सुनिश्चित गरेको

छ । उपदफा (९) ले १४ बर्षमुनिका बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन वा घरेलु कामदार वा कमलरीको रुपमा राख्न नहुने व्यवस्था उल्लेख गरेको छ ।

अन्तर्राष्ट्रिय श्रम संगठन अन्तर्गत रोजगारीमा संलग्न हुन पाउने न्यूनतम उमेर सम्बन्धी महासन्धि, १९७३ (नं. १३८) ले १८ वर्षमुनिका बालबालिकालाई जोखिमपूर्ण श्रममा लगाउन निषेध गरेको छ । तर 'आर्थिक र शैक्षिक सुविधा पर्याप्त विकसित नभएका राष्ट्रहरूका सन्दर्भमा भने यदि पर्याप्त शिक्षा, स्वास्थ्य, नैतिकताको दृष्टिबाट पूर्ण सुरक्षित भएमा १४ वर्षदेखि नै बालबालिकालाई काममा लगाउन सकिने' व्यवस्था छ । निकृष्ट प्रकारको बालश्रम सम्बन्धी महासन्धि, १९९९ (नं. १८२) लाई क्रमशः सन् २००३ र २००४ मा नेपाल सरकारले अनुमोदन गरेको छ । यस महासन्धिको प्रावधान अुनसार बालबालिकालाई जोखिमयुक्त बालश्रममा लगाउनबाट रोक्नका लागि पहल गर्ने, जोखिमयुक्त बालश्रमबाट बालबालिकाको उद्धार गरी उनीहरूलाई समाजमा पुनर्स्थापित गर्ने कार्यका लागि आवश्यक तथा उपयुक्त प्रत्यक्ष सहयोग प्रदान गर्ने, जोखिमयुक्त बालश्रमबाट मुक्त गरिएका बालबालिकालाई निःशुल्क शिक्षा उपलब्ध गराउन र सम्भव भएसम्म उपयुक्त व्यवसायिक तालिम दिन पहल गर्ने लगायतका व्यवस्था गरेको छ । त्यसैगरी पन्ध्रौं योजना (२०७६/०७७ - २०८०/०८१) को आधारपत्रले बाल अधिकार सुनिश्चित भएको बालमैत्री समाजको परिकल्पना वा सोच लिएको छ । दिगो विकास लक्ष्यको सातौं बुँदा अर्न्तगत सन् २०२५ सम्ममा सबै प्रकारका बालश्रम अन्त्य गर्न तत्काल प्रभावकारी उपायहरु अपनाउने उल्लेख गरिएको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जारी गरेको दोस्रो १० वर्षे बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७४-२०८३) लागू भएको छ । यस गुरुयोजनाको उद्देश्य नेपालबाट सबै प्रकारको बालश्रम पूर्ण रुपमा निवारण गरी मूलुकलाई बालश्रमरहित बनाउने रहेको छ । यस पालिकाको वडा नं १ मा एक जना मात्रै बालश्रमिकको रुपमा काम गरिरहेका बालबालिका देखिएका छन् भने अन्य बालबालिका बालश्रमिकको रुपमा काम गरिरहेका छैनन् ।

## ३.३ सडक बालबालिका

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ को उपदफा (४) मा जोखिममा परेका वा सडकमा बस्ने बालबालिकालाई सुनिश्चित भविष्यको लागि राज्यबाट तोकिए बमोजिम विशेष संरक्षण पाउने अधिकार हुनेछ भन्ने व्यवस्था रहेको छ । नेपालको विभिन्न कानूनी एवम् नीतिगत व्यवस्थाहरुले सडक बालबालिकाको सूचना, अभिलेख, सडकमा आएका बालबालिकाको उद्धार, परिवारिक सहयोग र पुनर्एकीकरण, मनोसामाजिक मनोविमर्श लगायतका कार्यक्रम सञ्चालन गर्न राज्यलाई जिम्मेवार बनाएको छ ।

## ३.४ बालविवाह

मुलुकी देवानी संहिता ऐन २०७४ मा २० वर्ष उमेर नपुगी गरिएको विवाहलाई बालविवाहको रुपमा परिभाषित गरेको छ भने २० वर्ष न पुगी गरिएका विवाह स्वत: खारेज हुने व्यवस्था छ । नेपालको संविधानको धारा ३९ को उपधारा (५) मा बालविवाह गर्न/गराउन नपाइने व्यवस्था उल्लेख भएको छ । बालबालिका सम्बन्धी राष्ट्रिय नीति २०६९ मा समेत बालविवाह रोक्न विकासका साझेदार निकाय र सरकारको सहकार्यमा समुदाय स्तरमा संघसंस्था परिचालन गर्ने, उजुरी दर्तामा सक्रियता देखाउने, कारवाहीको व्यवस्था मिलाउने तथा विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने उल्लेख छ ।



# बालविवाह न्यूनीकरणमा शिक्षक र विद्यार्थी

▪ कमल शर्मा

दैलेख, मङ्सिर ६ गते। दैलेखमा बालविवाह न्यूनीकरण गर्नका लागि विभिन्न अभियान सञ्चालन भए पनि प्रभावकारी हुन नसकेको बेला अब शिक्षक र विद्यार्थीहरू सक्रिय हुन थालेका छन् ।

जिल्लाभरका ४८ वटा माध्यमिक विद्यालयका १४४ जना शिक्षक र विद्यार्थीहरूलाई बालविवाह न्यूनीकरण अभियानमा सरिक गएर न्यूनीकरणमा सक्रिय बनाइएको छ ।

जिल्लाका ४८ वटा माध्यमिक विद्यालयबाट एक शिक्षक एक छात्रछात्रा गरी कुल १४४ जनालाई बालविवाह न्यूनीकरणमा सहभागी बनाइएको छ । जिल्लाको सामाजिक सेवा केन्द्र सोसेक नेपालको सहयोगमा जिल्लाभरका माध्यमिक विद्यालयका १४४ जना शिक्षक विद्यार्थीहरूलाई बालविवाहको अवस्था, कारण, असर, प्रजनन स्वास्थ्य, पारिवारिक कलह, हिसालगायतका विषयमा जानकारीसमेत गराइएको छ । साथै उनीहरूलाई बालविवाहसम्बन्धी कानुनी व्यवस्था, बोक्सी आरोप तथा कानुनी व्यवस्था, जातीय भेदभाव तथा छुवाछूतसम्बन्धी जानकारी जिल्ला सरकारी वकिल द्रोणदत्त पौड्यालले दिनुभएको छ। उहाँले पछिल्लो समय जिल्लामा बालविवाह हुने र सानै उमेरमा सम्बन्ध विच्छेदका घटना बढी आएको हुँदा त्यसको न्यूनीकरणमा शिक्षक र विद्यार्थीको भूमिका महत्त्वपूर्ण हुने बताउनुभयो ।

प्रमुख जिल्ला अधिकारी युवराज कट्टेलले जिल्लामा देखिएको बालविवाहलाई न्यूनीकरणका लागि सबैभन्दा उत्तम अभियन्ता शिक्षक र विद्यार्थी नै भएको भन्दै शिक्षक र विद्यार्थी लागेमा अभियानले पूर्णता पाउने विश्वास व्यक्त गर्नुभयो । जिल्ला प्रहरी कार्यालय दैलेखका प्रमुख हरिबहादुर वलीले नेपाल प्रहरीले सुरु गरेको समुदाय प्रहरी कार्यक्रमअनुसार जिल्लाका सबै विद्यालयमा प्रहरीले बालविवाह न्यूनीकरणका विषयमा बालबालिका र अभिभावकलाई समेत प्रशिक्षण गर्ने कार्यक्रम रहेको बताउनुभयो ।

## विद्यार्थीलाई कानुनी शिक्षा

▪ जाजरकोट समाचारदाता

खलङ्गा, मङ्सिर ६ गते। सदरमुकाम खलङ्गाको त्रिभुवन माध्यमिक विद्यालयका विद्यार्थीहरूलाई विभिन्न अपराध नियन्त्रणसम्बन्धी कानुनी परामर्श प्रदान गरिएको छ। जिल्ला सरकारी वकिल कार्यालय र जिल्ला प्रहरी कार्यालय, जाजरकोटको संयुक्त आयोजनामा कक्षा ११ र १२ का विद्यार्थीहरूलाई कानुनी परामर्श प्रदान गरिएको हो ।

नेपाल प्रहरीको समुदाय प्रहरी साझेदारी कार्यक्रम र जिल्ला सरकारी वकिल कार्यालयको समुदायमा सरकारी वकिल कार्यक्रमअन्तर्गत खलङ्गाको थाप्लेचौरस्थित त्रिभुवन माध्यमिक विद्यालयको कक्षा ११ मा कानुन विषय पढ्ने विद्यार्थीहरूलाई लक्षित गरेर उक्त कार्यक्रम सञ्चालन गरिएको थियो ।

कार्यक्रममा अन्य विभिन्न विषयका २०० बढी विद्यार्थीहरूको सहभागिता रहेको थियो। सहभागी विद्यार्थीहरूलाई समाजमा हुने अपराधका कारण, अपराध नियन्त्रणमा कानुनी व्यवस्था, सरकारी वकिल र प्रहरीले दिने सेवा, सहायता, अपराध नियन्त्रण र शान्तिसुरक्षा स्थापनामा विद्यार्थी र अन्य सरोकारवालाको भूमिकाका विषयमा अभिमुखीकरण तथा परामर्श प्रदान गरिएको जिल्ला प्रहरी कार्यालय, जाजरकोटका प्रहरी निरीक्षक केशरकार्कीले जानकारी दिनुभयो ।

कार्यक्रममा जिल्ला समन्वय समिति जाजरकोटका प्रमुख मनबहादुर रावल, जिल्ला सरकारी वकिल कार्यालयका निमित्त जिल्ला न्यायाधिवक्ता रुकमेडा पोखरेललगायतले विद्यार्थीहरूलाई सामाजिक अपराध निवारणका उपायहरू र कानुनी प्रावधानका विषयमा सुझाव दिएका थिए ।

दिगो विकासका लक्ष्यहरु (२०१६-३०) मा बालविवाह अन्त्य गर्ने विषयलाई प्राथमिकताका साथ समावेश गरिएको छ । सन् २०३० सम्ममा बालविवाहको अन्त्य गर्न तय गरिएको राष्ट्रिय रणनीति २०७२ को कार्यान्वयनका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय लगायत नेपाल सरकारका ११ मन्त्रालय, राष्ट्रिय योजना आयोग, महान्यायाधिवक्ताको कार्यालय तथा नागरिक समाजको प्रभावकारी भूमिकाको अपेक्षा गरिएको छ ।

बालमैत्री एवम् लैङ्गिक समानतायुक्त समाजको निर्माण गर्ने दिशामा योगदान पुऱ्याउने परिकल्पनाका साथ २०८७ सम्ममा बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ जारी भएको छ । यस रणनीतिमा बालिका र किशोरीको सशक्तीकरण शीर्षक अन्तर्गत राष्ट्रियदेखि स्थानीय स्तर सम्मका सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबीच समन्वय गरी विवाहित र अविवाहित बालबालिका विशेषगरी विद्यालयबाहिर रहेका बालिका र उनीहरुको परिवारलाई आत्मनिर्भर बनाउन आवश्यक स्रोत र अवसरहरुको पहिचान गरी उनीहरुको पहुँच सुनिश्चित गर्ने प्रतिवद्धता व्यक्त गरिएको छ । रणनीतिले बालविवाहमुक्त स्थानीय निकायको अभियान सञ्चालन गर्ने योजना अघि सारेको छ । यसअनुरुप बालविवाहमुक्त स्थानीय तह घोषणा गर्नका लागि स्थानीय तहले प्रयास गर्दै आएको छ ।

विगत केही दशकदेखि नै बालविवाह विरुद्ध कानूनी, योजना र कार्यक्रमका उपायहरु अपनाउँदै आउनु एवम् विकासका साझेदार संस्था तथा नागरिक समाजबाट समेत प्रयास हुँदाहुँदै पनि विभिन्न कारणहरुले बालविवाह भएका घटनाहरु जानकारीमा आउने गरेका छन् । आर्थिक वर्ष २०७५/०७६ मा नेपाल प्रहरीमा बालविवाह विरुद्धका ८८ घटनाको उजुरी परेको पाइएको छ । दक्षिण एशियाली मुलुकहरुमा बंगलादेश र भारत पछि नेपाल बालविवाह हुने देशमा परेको देखिएको छ ।

स्थानीय सरकारले बालविवाह अन्त्य तथा न्यूनीकरणका लागि प्रतिवद्धता जनाएको पाइएको छ । यस पालिकाले छोरी जन्मनासाथ छोरीको नाममा जीवन सुरक्षा कोष  स्थापना गरेको छ । जीवन सुरक्षा कोषमा अभिभावकले ४,०००/(.र स्थानीय सरकारले १०,०००/(.रकम जम्मा गर्ने गर्दछ । २० वर्ष पछि एकमुष्ट रकम निकाल्दा १,४४,२२९।५२ रकम प्राप्त गर्ने अनुमान गरिएको छ । यस कार्यक्रमले उमेर नपुगी हुने विवाह र आर्थिक अभावले गर्दा उच्च शिक्षा अध्ययन गर्न नसक्ने बालिकाहरुलाई सहयोग पुग्ने आशा गरिएको छ ।

**तालिका ८ : वडागतरुपमा विवाह गर्नेको अवस्था**

| वडा नं | ब्राहम्ण | | जम्मा ब्राह्मण | दलित | | दलित जम्मा | जनजाती | | जनजाति जम्मा | क्षेत्री | | क्षेत्री जम्मा | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | | महिला | पुरुष | | महिला | पुरुष | | महिला | पुरुष | | |
| १ | | | | ३ | १ | ४ | १ | | १ | ६ | १ | ७ | १२ |
| २ | | | | २ | ४ | ६ | ३ | १ | ४ | ३ | ८ | ११ | २१ |
| ३ | | १ | १ | ६ | ६ | १२ | २ | ३ | ५ | ५ | ७ | १२ | ३० |
| ४ | | | | २ | | २ | १ | | १ | २ | १ | ३ | ६ |
| ५ | | | | १ | | १ | २ | १ | ३ | २ | २ | ४ | ८ |
| ६ | २ | १ | ३ | १ | १ | २ | | | | ६ | १२ | १८ | २३ |
| ७ | | | | | | | | | | ११ | ४ | १५ | १५ |
| ८ | | | | | १ | १ | | | | ८ | ७ | १५ | १६ |
| जम्मा | २ | २ | ४ | १५ | १३ | २८ | ९ | ५ | १४ | ४३ | ४२ | ८५ | १३१ |

**श्रोत :वडा बालअधिकार समितिको तथ्याँक**

वडा बालअधिकार समितिको तथ्याँक अनुसार यस पालिकामा जनवरी २०२० देखि सेप्टेम्बर २०२० सम्मको यस पालिकामा १ सय ३१ जनाले विवाह गरेका छन् । त्यो मध्ये सबै भन्दा बढी विवाह गर्नेमा वडा नं ३ रहेको छ भने सबै भन्दा कम विवाह गर्नेमा वडा नं ४ रहेको देखिन्छ ।


**तालिका ९ : वडा अनुसार बालविवाह गर्नेको संख्या**

| वडा नं | ब्राह्मण | दलित | जनाजाति | क्षेत्री | कुल जम्मा |
|---|---|---|---|---|---|
| १ | | ४ | | ५ | ९ |
| २ | | ४ | | २ | ६ |
| ३ | | १० | १ | ४ | १५ |
| ४ | | २ | | २ | ४ |
| ५ | | १ | ३ | १ | ५ |
| ६ | १ | १ | | ८ | १० |
| ७ | | | | १३ | १३ |
| ८ | | १ | | १० | ११ |
| कुल जम्मा | १ | २३ | ४ | ४५ | ७३ |

**श्रोत : वडा बालअधिकार समितिको तथ्याँक**

जनवरी २०२० देखि सेप्टेम्बर २०२० सम्मा गुराँस गाउपालिकामा भएका १३१ विवाह मध्ये ७३ वटा बालविवाह भएका थिए । जसमध्ये सबै भन्दा बढी बालविवाह वडा ३ मा १५ वडा नं ७ मा १३ र वडा नं ६ मा १० वटा बालविवाह भएका छन् भने सबै भन्दा कम बालविवाह वडा नं ४ मा भएको देखिन्छ ।

## चित्र १ : प्रतिशतका आधारमा विवाहको अवस्था




आर्थिक वर्ष २०७६/२०७७ मा २०७६ को पौष देखि २०७७ को असोज सम्म यसपालिकामा १८ वर्षमुनि विहे गर्नेको संख्या विगत ६ महिनामा २१ दशमलव ३७ प्रतिशत रहेको छ भने १८ देखि २० वर्ष उमेर समूहमा विवाह गर्नेको अवस्था ३४ दशमलव ३५ प्रतिशत रहेको देखिन्छ । २० वर्षमुनि विहे गर्नेको प्रतिशत ५५ दशमलव ७३ रहेको छ ।

## ३.५ जोखिममा रहेका बालबालिकाको उद्धार, पुनर्स्थापना तथा पुनर्एकीकरण

हराएका, बेवारिस फेला परेका, आपत्मा परेका बालबालिकाको राहत तथा तत्काल सहयोगका लागि नेपाल सरकारले नेपाल प्रहरी र तत्कालीन केन्द्रीय बाल कल्याण समिति (२०७६ श्रावणदेखि राष्ट्रिय बाल अधिकार परिषद् को व्यवस्थापनमा बालबालिका खोजतलास समन्वय केन्द्र - नि:शुल्क टेलिफोन नं. १०४ एक दशक अघिदेखि नै सञ्चालन भैरहेको छ ।बालबालिका अपहरणमा पर्ने र हराउने लगायत बालबालिकामाथि हुने सबै प्रकारका अपराधको नियन्त्रण गर्न सरकारी निकाय, गैरसरकारी संघसंस्था, विकासका साझेदार निकाय तथा नागरिक समाज सक्रिय रहेका छन् । नि:शुल्क टेलिफोन नं. १०४ का लागि नेपाल दुरसञ्चार प्राधिकरणको सहयोग रहेको छ ।

### छात्रवृत्तिबाटै पढाइ



गोविन्द केसी/दैलेख

गुराँस गाउँपालिका-२ का ११ वर्षीय गोविन्द विकले विद्यालयको वार्षिक दिवसमा पुरस्कार पाए। पुरस्कार पाउँदा उनका बाजे वीरबललाई खुसी साट्न भ्याईनभ्याई छ। परिवारमा खुसीको माहोल छाएको छ। दुर्गादेवी प्राथमिक विद्यालयको कक्षा २ मा भर्खरै गोविन्दले दोस्रो स्थानसहित कक्षा उत्तीर्ण गरे। त्यतिमात्रै होइन, उनी विद्यालयकै अनुशासित छात्र हुन्।

घर गर्जो टार्न गाउँमा मुस्किल भएपछि बुवा लालवीर दुई वर्षअघि कमाउन स-परिवार भारत गए। केही वर्षपछि आर्थिक स्थितिमा सुधार गरी गाउँ फर्किने सोचाइ राखेका लालवीरको भारतमै मृत्यु भयो। त्यसपछि लालाबाला केटाकेटीसहित गोविन्दकी आमा बाली आफ्नै देश त फर्किन् तर श्रीमान बितेको एक वर्ष नपुग्दै उनको पनि दोस्रो बिहे भयो। बाबुको मृत्यु र आमाले दोस्रो बिहे गरेपछि टुहुरा बनेका गोविन्द र ९ वर्षीया बहिनी कल्पनाको सहारा बाजेबज्यै बने। छोराको मृत्यु भएपछि नाबालक नातिनातिनीलाई हुर्काउन र घर खर्चको जोहो गर्न भारत जाने निधो गरे। कमजोर आर्थिक स्थिति, पारिवारिक समस्याले गर्दा दुवै भाइबहिनी एक वर्ष विद्यालय गएनन्। दुर्गादेवी प्राथमिक विद्यालयले सञ्चालन गरेको विद्यार्थी भर्ना तथा पाठ्यपुस्तक वितरण कार्यक्रमले उक्त विद्यालय बाहिर रहेका बालबालिकाको खोजी गरी विद्यालय भर्ना अभियान चलायो।

वडा बालसंरक्षण समितिले जोखिममा रहेका बालबालिकाको तथ्यांक संकलन गरी गोविन्द र कल्पना दुई भाइबहिनीलाई सूचीकृत गर्‍यो। विद्यालयले नि:शुल्क पाठ्यपुस्तक उपलब्ध गरायो भने बालसंरक्षण समितिको सिफारिसमा सहयात्रा परियोजनाले उनीहरूलाई शैक्षिक सामग्री उपलब्ध गरायो।

कल्पना प्रथम स्थान हासिल गरी कक्षा १ बाट उत्तीर्ण भएकी छन्। दुवै नातिनातिनीको पढाइ अब्बल भएको सुन्दा निधन भएको छोरा कति खुसी हुँदो हो भनेर वीरबल मनमा कुरा खेलाउँछन्। 'सबैको सहयोग नभए मेरा नातिनातिना अहिले वनमा बाख्रा चराउँदै हुन्थे,' उनले भने, 'छोरालाई राम्रो बनाउन नसके पनि उमेर रहुन्जेल नातिनातिनालाई राम्रो शिक्षा दिनेछु।'

आर्थिक अभाव, पारिवारिक विचलन र अशिक्षाका कारण विपन्न परिवारका दर्जनौं बालबालिका अहिले पनि विद्यालयबाहिर रहेको बालअधिकारकर्मी निर्मल अधिकारीले बताए। त्यस्ता विपन्न परिवारका बालबालिकालाई शैक्षिक छात्रवृत्ति मात्रै नभएर उनीहरूको परिवारलाई जीविकोपार्जनलगायतका क्षेत्रमा पनि राज्यले सहयोग गर्नुपर्ने उनको भनाइ छ।

त्यसैगरी बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ को उपदफा (५) मा प्रत्येक बालबालिकालाई निजको बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षक, शिक्षक तथा अन्य व्यक्तिबाट हुने हरेक किसिमका शारीरिक वा मानसिक हिंसा र यातना, हेला, अमानवीय व्यवहार, लैङ्गिक वा छुवाछुतजन्य दुर्व्यवहार, यौनजन्य दुर्व्यवहार र शोषण विरुद्ध संरक्षण प्राप्त गर्ने अधिकार हुने व्यवस्था छ। दफा ६६ को उपदफा (२) मा बालबालिका विरुद्ध हिंसाका कार्यहरु परिभाषित गरेको छ (अनुसूची १)। यस व्यवस्थाबाट हिंसा एवम् जोखिम अवस्थामा रहेका बालबालिकाको संरक्षण गर्ने कार्यमा थप बल पुग्ने देखिन्छ। यस कार्यमा सरकारी, गैर-सरकारी, नागरिक समाज लगायत सञ्चार माध्यम, विद्यालय, बालक्लब र बालबालिकाको समूह समेतले सक्रिय रुपमा कार्य गरी बालहिंसा न्यूनीकरणमा योगदान पुर्‍याउनु जरुरी छ।

यस पालकाको महिला तथा बालबालिका शाखाले दिएको जानकारी अनुसार हराएका वा फेला परेका बालबालिका, हिंसाका कारण जोखिममा रहेका बालबालिका र बेचबिखन तथा यौनहिंसामा परेका बालबालिकाको कुनै तथ्याँक भेटिदैन ।

## ३.६ जन्मदर्ता




नेपालको संविधानको धारा ३९ (१) मा प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक हुने व्यवस्था छ । यसैगरी बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४ मा प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित जन्म दर्ताको हक हुने, बालबालिका जन्मेपछि निजको बाबु वा आमाले बालबालिकाको नाम राखी प्रचलित कानून बमोजिम जन्मदर्ता गर्नु पर्ने, जबरजस्ती करणी वा प्रचलित कानून बमोजिम सजाय हुने हाडनाता करणीबाट जन्मिएका बालबालिकाको आमाले चाहेमा आमाको नाम मात्र उल्लेख गरी जन्मदर्ता गरिदिनु पर्ने, बालबालिकाले चाहेमा आफ्नो बाबु वा आमा वा दुवैको थर प्रयोग गर्न पाउने, आमा, बाबु वा संरक्षकले अनुचित लाभ लिने मनसायले बालबालिकाको पहिचान लुकाउने गरी नाम थर परिवर्तन गर्न नहुने जस्ता बालबालिकाको पहिचान सम्बन्धी कानूनी व्यवस्था भएको छ । नेपाल सरकारले २०८० सालसम्म सत् प्रतिशत बालबालिकाको जन्मदर्ता गर्ने प्रतिवद्धता जनाएको छ ।

बालअधिकार महासन्धि, सन् १९८९ को धारा ७ मा जन्मनासाथ बालबालिकाको जन्मदर्ता गरी औपचारिक नाम पाउने र राष्ट्रियताको अधिकार र सम्भव भएसम्म आफ्ना बाबुआमा थाहा पाउने र उनीहरुबाट स्याहार पाउने अधिकारको व्यवस्था गरिएको छ ।

यस पालिकाका सबै वडा कार्यालयहरुबाट व्यक्तिगत घटना दर्ता सम्बन्धी कामहरु हुँदै आएको छ । दलित परिवारमा शिशु जन्मेको ३५ दिनभित्र जन्मदर्ता गरेमा प्रोत्साहन स्वरुप रु. एक हजार प्रदान गर्ने गरिएको छ । जन्मदर्तालाई प्रभावकारी बनाउन नेपाल सरकारले विद्यालय भर्ना, सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत बालबालिकाले पाउने भत्ता लगायत विभिन्न सेवा सुविधाका लागि जन्मदर्ता प्रमाणपत्रलाई अनिवार्य गरेपछि आम मानिसमा जन्मदर्ताको महत्व बढ्दै गएको छ । सत प्रतिशत जन्मदर्ताका लागि वडा कार्यालयहरुले सञ्चालन गरेको जन्मदर्ता अभियानमा जन्मदर्ताको विवरण तालिका प्रस्तुत गरिएको छ ।

**तालिका १० : जन्मदर्ता अभियानबाट जन्मदर्ता गर्ने बालबालिकाको विवरण**

| वडाहरु | ब्राम्हण क्षेत्री | दलित | जनजाति | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| वडा नं १ | ६ | १० | १० | | २६ |
| वडा नं ३ | ३ | ३ | | | ६ |
| वडा नं ४ | ९ | ७ | ४ | | २० |
| वडा नं ५ | ३६ | १२ | ५ | ४ | ५७ |
| वडा नं ६ | ३९ | ५ | | | ४४ |
| वडा नं ७ | ९ | | | | ९ |
| वडा नं ८ | २४ | | | | २४ |
| जम्मा | १२६ | ३७ | १९ | ४ | १८६ |

वडा कार्यालयले सञ्चालन गरेको सतप्रतिशत जन्मदर्ता अभियानबाट १८६ जना बालबालिकाले जन्मदर्ता गरेका छन् । जसमध्ये सबै भन्दा बढी वडा नं ५ मा ५७ जना र सबै भन्दा कम वडा नं ३ मा ६ जना रहेको देखिन्छ । त्यसैगरी जातजातिगत रुपमा सबैभन्दा बढी ब्राम्हण क्षेत्री १२६, दलित ३७, जनजाति १९ र अन्य ४ जना रहेका छन् ।

## ३.७ अपाङ्गता भएका बालबालिका



नेपाल सरकार अपाङ्गता भएका बालबालिकाको अधिकार संरक्षण प्रति संवेदनशील रहँदै आएको छ । नेपालको विधानको धारा ३९ मा अपाङ्गता भएका एवम् जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हकको व्यवस्था भएको छ । यसैगरी धारा ३१ मा अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुने, ब्रेललिपि तथा साङ्केतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुने प्रावधानहरु रहेका छन् । अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५ लागू गरिएको छ ।

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १२ मा अपाङ्गता भएका बालबालिकाको विशेष अधिकारको व्यवस्था छ (अनुसूची १)। यी कानूनी प्रावधानहरुको कार्यान्वयनबाट अपाङ्गता भएका बालबालिकाको विशेष अधिकारको संरक्षण तथा प्रवर्द्धन भई उनिहरुको फरक क्षमता अनुसार व्यक्तित्व विकासमा सहयोग पुग्नेमा विश्वस्त रहनसक्ने देखिएको छ। नेपाल सरकारद्वारा अपाङ्गता अर्थात फरक क्षमता भएका व्यक्तिका लागि समावेशी शिक्षा नीति, २०७३ जारी भएको छ।

यस पालिकामा कुनै-न-कुनै प्रकारको अपाङ्गता भएको जनसंख्या २५२ जना अर्थात कूल जनसंख्याको १.०४ प्रतिशत रहेकोछ। जसमध्ये बालिका ३१ र बालक ३६ गरी जम्मा ६७ जना अपाङ्गता भएका बालबालिका रहेका छन्। पालिकाले अपाङ्गता परिचय पत्र वितरण कार्यविधि अनुसार सञ्चालन गरेको शिविरमा २४१ जनाले परिचयपत्र प्राप्त गरेका थिए भने पालिका मार्फत ११ जनाले परिचय पत्र प्राप्त गरेका थिए। परिचय पत्र प्राप्त गर्नेहरुको विवरण तपसिलमा उल्लेख गरिएको छ।

**तालिका नं ११ : परिचय पत्र प्राप्त गर्नेहरुको विवरण**

| क वर्ग | ख वर्ग | ग वर्ग | घ वर्ग | जम्मा |
|---|---|---|---|---|
| ३० | ९५ | ७० | ५७ | २५२ |

**तालिका १२ : अपाङ्गता भएका बालबालिकाको विवरण**

| वडा नं | ब्राम्हण/क्षेत्री | दलित | जाजाती | अन्य | कुल जम्मा |
|---|---|---|---|---|---|
| १ | ८ | २ | | | १० |
| २ | ३ | ७ | | | १० |
| ३ | ५ | ४ | | | ९ |
| ४ | ३ | १ | १ | | ५ |
| ५ | ४ | १ | १ | २ | ८ |
| ६ | ४ | ४ | | | ८ |
| ७ | ८ | | १ | | ९ |
| ८ | ७ | १ | | | ८ |
| **जम्मा** | ४२ | २० | ३ | २ | ६७ |

यस पालिकामा रहेका ६७ जना बालबालिका मध्ये सबै भन्दा बढी अपाङ्गता भएका बालबालिका वडा नं १ र २ मा १०/१० जना रहेका छन् भने वडा नं ३ र ७ मा ९/९ जना रहेका छन्। सबै भन्दा कम अपाङ्गता भएका बालबालिका वडा नं ४ मा रहेको देखिन्छ। त्यसैगरी जातजातीगत अनुसार सबै भन्दा बढी ब्राम्हण क्षेत्रमा ४२ जना दलितमा २०, जनजातिमा ३ र अन्यमा २ जना मात्रै अपाङ्गता भएका बालबालिकारहेको देखिन्छ।

**तालिका १३ : विषयगत क्षेत्रअनुसार अपाङ्गता बालबालिकाको विवरण**

| क्र.सं | अपाँगताका प्रकारहरु | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| १ | न्यून दृष्टि | ८ | १ | ९ |
| २ | सुस्त श्रवण | १ | ४ | ५ |
| ३ | स्वरबोलाई | १ | | १ |
| ४ | बोद्धिक अपागता | ४ | १ | ५ |
| ५ | मनोसामाजिक अपाँगता | २ | १ | ३ |
| ६ | शारिरिक अपाँगता | १७ | २० | ३७ |
| ७ | स्वरबोलाई सम्बन्धि समस्या | ४ | ३ | ७ |
| | **जम्मा** | ३७ | ३० | ६७ |

**श्रोत : महिला तथा बालबालिका शाखा, गुराँस गाउँपालिका**

यसपालिकामा महिला तथा बालबालिका शाखाका अनुसार अपाँगता भएका ६७ बालबाालिका मध्ये बालक ३७ र बालिका ३० रहेका छन्। जसमध्ये सबै भन्दा बढी शारीरिक अपाँगता भएका ३७ जना बालबालिका रहेको देखिन्छ। सबैभन्दा बढी वडा नं ६ मा अपाँगता भएका बालबालिका रहेका छन् भने सबै भन्दा कम बालबालिका वडा नं ३ मा रहेको देखिन्छ।

## ३.८ सामाजिक सुरक्षा र बालबालिका



नेपालको संविधान (२०७२) को धारा ४३ मा आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका

नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हकको व्यवस्था भएको छ। बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ को उपदफा (४) मा अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित, जोखिममा परेका वा सडकमा बस्ने बालबालिकालाई सुनिश्चित भविष्यको लागि राज्यबाट तोकिए बमोजिम विशेष संरक्षण पाउने अधिकार हुने व्यवस्था रहेको छ। अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५ को दफा ३२ मा सामाजिक सुरक्षा अन्तर्गत नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई समाजमा स्वतन्त्र र स्वावलम्बनपूर्वक जीवनयापन गर्न सक्ने गरी सक्षम बनाउन अपाङ्गता भएका व्यक्तिको योगदान रहने गरी वा तोकिएको अवस्थामा निःशुल्क रुपमा तोकिएका सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयनमा ल्याउने व्यवस्था छ। यसबाट संरक्षणको विशेष आवश्यकता भएका बालबालिकाको सामाजिक सुरक्षा सम्बन्धी सेवासुविधा पाउने अधिकार सुनिश्चित हुने दिशातिर सरकार अग्रसर रहेको छ

हाल कार्यान्वयनमा रहेका बालबालिकाको सामाजिक सुरक्षाका विषयवस्तुहरू तथा सेवासुविधाका विषयहरु विभिन्न स्वरुपका छन्। बालबालिका लक्षित सामाजिक सुरक्षा जनित आर्थिक सहयोगका कार्यक्रमबाट प्रशस्तै बालबालिका लाभान्वित भएको देखिएको छ। यस पालिकाले ३१ जना पूर्ण असक्त अपाङ्गता भएका व्यक्तिलाई मासिक रु. ३,०००।, अति असक्त अपाङ्गता भएका १२१ व्यक्तिलाई मासिक रु. १६००, लोपोन्मुख जातिका १५२ जनालाई मासिक रु. ३,००० र दलित समुदायका प्रति आमा दुईजना बालबालिका मध्ये ८५६ जनालाई मासिक रु. ४००। का दरले भत्ता प्रदान गरिरहेको छ। यस पालिकाले गत आ.व.मा बालपोषण, अपाङ्गता र लोपोन्मुख जातिका व्यक्तिलाई विनियोजन गरेको सामाजिक सुरक्षा भत्ताको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका १४ : सामाजिक सुरक्षा प्राप्त गर्ने हरुको विवरण**

| क्र.सं | सामाजिक सुरक्षाको विवरण | संख्या | रकम |
|---|---|---|---|
| १ | पूर्ण असक्त अपाङ्गता | ३१ | ३००० |
| २ | अति अशक्त अपाङ्गता | १२१ | १६०० |
| ३ | लोपन्मुख जाती | १५२ | ३००० |
| ४ | दलित समुदायका बालबालिका | ८५६ | ४०० |

## ३.९ बालबालिकाको स्याहार



संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा १८ मा आफ्ना बालबालिकाको लालनपालन र स्याहार गर्नु बाबुआमाको जिम्मेवारी हुने र बाबुआमा तथा अभिभावकको स्थिति दयनीय भएमा सरकारले बालबालिकाको स्याहारमा सहयोग गर्नुपर्ने प्रावधान रहेको छ। यसैगरी धारा २० मा अनाथ बालबालिकाको संरक्षण हुने व्यवस्था गर्नु राज्यको दायित्व हुने उल्लेख भएको छ।

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४८ मा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको विषय समावेश गरिएको छ। दफा १७ को उपदफा ५ मा बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले छ बर्ष उमेर नपुगेका बालबालिकालाई निवास वा अन्य स्थानमा एक्लै छाड्न वा उमेर पुगेको व्यक्तिको साथमा नलगाई एक्लै अन्यत्र पठाउन नहुने व्यवस्था गरेको छ। दफा १८ मा राज्यको दायित्व अन्तर्गत विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पालनपोषण, संरक्षण, स्वास्थ्य र शिक्षा लगायतका आधारभूत आवश्यकताको व्यवस्था गर्न राज्यले उपलब्ध स्रोतसाधनको आधारमा आवश्यक व्यवस्था मिलाउनेछ भन्ने उल्लेख भएको छ। बाबुआमा दुवै विहीन बालबालिकाको आधारभूत सेवा, सुविधा तथा संरक्षणप्रति स्थानीय सरकारको विशेष ध्यानाकर्षण भएको छ। यस पालिकामा जोखिममा रहेका बालबालिकाहरुको विवरण तालिकामा प्रस्तुत गरिएको छ।

## ३.१० बालबालिकाको गोपनीयता

संयुक्त राष्ट्र संघको बाल अधिकार महासन्धिको धारा १६ मा बालबालिकाको गोपनीयताको संरक्षण गर्नुपर्ने तथा कुनै पनि बालबालिकाको गोपनीयता, परिवार, घर वा लेखापढीमा स्वेच्छाचारी वा गैर कानूनी हस्तक्षेप गरी उनीहरुको प्रतिष्ठामा असर पार्न नहुने व्यवस्था रहको छ। नेपालको संविधानमा मौलिक हक अन्तर्गत धारा २८ मा गोपनीयताको हकको प्रत्याभूति गरिएको छ। यो हक बालबालिकाको सन्दर्भमा पनि लागू हुन्छ। बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ११ को उपदफा (१-३) सम्म बालबालिकाको गोपनीयताको अधिकारका प्रावधानहरु रहेका छन् (अनुसूची १)। तर कुनै अध्ययन वा शोध कार्यका लागि प्रकाशित गर्नु परेमा बालबालिका र निजको परिवारको नाम, थर, ठेगाना तथा अन्य पहिचान नखुल्ने गरी उमेर वा लिङ्ग मात्र उल्लेख गरी प्रकाशन गर्न सकिने व्यवस्था छ।

सर्वोच्च अदालतबाट २०६४/०९/१० मा विशेष प्रकृतिका मुद्दाहरुको कारवाहीमा पक्षहरुको गोपनीयता कायम राख्ने सम्बन्धी कार्यविधि निर्देशिका जारी भएको छ। यसैगरी सञ्चार माध्यमलाई बालसंवेदनशील बनाउनका लागि प्रेस काउन्सिल नेपालबाट 'बालमैत्री सञ्चार निर्देशिका, २०७३' समेत जारी भएको छ। यसरी बालबालिका सम्बन्धी मुद्दा र घटनाहरुबाट बालबालिकाको गोपनीयताको हक संरक्षण गर्ने क्रम बढ्दो छ।

## ३.११ सूचना प्रविधि र बालबालिका

संविधानको धारा ३९ को उपधारा (६) मा "कुनै पनि बालबालिकालाई कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन" भन्ने उल्लेख छ। साइबर अपराध रोक्न नेपालमा विद्युतीय कारोबार ऐन, २०६३ कार्यान्वयनमा रहेको छ। यस ऐनले कम्प्युटर सम्बन्धी अपराधका मुद्धालाई किनारा लगाउन सहज भएको छ। संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि अन्तर्गतको बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति र अश्लील चित्रण विरुद्धको ऐच्छिक प्रलेख, २००० ले बालबालिकालाई यस्ता दुर्व्यवहारबाट संरक्षण गर्नुपर्ने कुरा प्रष्ट पारेको छ।

विश्वमा भएको सूचना प्रविधिको द्रुत विकास र विस्तारले इन्टरनेट लगायत सामाजिक सञ्जालमा बालबालिकाको पहुँच उल्लेख्य रुपमा बढेको छ। यसबाट बालबालिकाले अनौपचारिक रुपबाट विभिन्न विषयहरु सिक्ने अवसर समेत पाएका छन्। यसबाट बालबालिकालाई सकारात्मक र नकारात्मक दुवै असर पर्दछ। साथै, बालबालिकामाथि अनलाइन यौन दुर्व्यवहारको सम्भावनालाई पनि बढाएको देखिन्छ। एकातर्फ प्रविधिको विकासले मानव जीवन छिटोछरितो भएको र प्रविधिमैत्री पनि बनाएको छ भने अर्कोतर्फ यसको दुरुपयोगले विकृति पनि भित्रिएको छ। यसबाट बालबालिका प्रभावित भएका छन्। नेपालमा विशेषगरी ग्रामीण भेगको तुलनामा शहरी क्षेत्रमा इन्टरनेटको पहुँच हुने भएकोले यस क्षेत्रमा बालबालिका यौन दुर्व्यवहारको उच्च जोखिममा रहेका हुन सक्छन्। अभिभावकको कार्य व्यस्तताले आफ्ना सन्तानलाई प्रशस्त समय दिन नसक्ने तर मोबाइल, ट्याव, ल्यापटप जस्ता विद्युतीय उपकरण किनिदिने गरेका छन्। ती सामग्रीको प्रयोगबारे चासो नराख्ने अभिभावकको प्रवृत्तिले गर्दा बालबालिका

अनलाइनमार्फत् हुने यौन दुर्व्यवहारको उच्च जोखिममा समेत रहन्छन्। यसपालिकामा भने यस्ता घटनाहरु घटेको देखिदैन

# परिच्छेद ४ बाल विकास

## ४.१ परिचय

यस परिच्छेदमा संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धिमा उल्लेखित मूलतः बालबालिकाको शिक्षा (धारा २८ र २९) संग सम्बन्धित विषयहरु समेटिएका छन् । नेपालको संविधानले बालबालिकाको शिक्षा तथा विकासलाई प्रत्याभूत गरेको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १५ अन्तर्गत बालबालिकाको शिक्षा सम्बन्धी अधिकारका प्रावधानहरु रहेका छन् :

(१) छ वर्षमुनिका बालबालिकालाई आफ्नो उमेर र विकासको स्तर अनुसार खेलको माध्यम, वातावरणमा आधारित अनुभव र खोजमूलक ढङ्गले सिक्न पाउने तथा प्रारम्भिक बाल विकासको अधिकार हुनेछ ।

(२) प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रुपमा बालमैत्री वातावरणमा पाउने अधिकार हुनेछ ।

(३) प्रत्येक बालबालिकालाई आफ्नो विशेष शारीरिक तथा मानसिक अवस्था अनुसार प्रचलित कानून बमोजिम उपयुक्त अध्ययन सामग्री तथा शिक्षण विधिमार्फत शिक्षा पाउने अधिकार हुनेछ ।

(४). दलित बालबालिकालाई प्रचलित कानून बमोजिम छात्रवृत्ति सहितको निःशुल्क शिक्षा पाउने अधिकार हुनेछ ।

## ४.२ प्रारम्भिक बाल विकास

प्रारम्भिक बाल विकास बालबालिकाको औपचारिक शिक्षा विकासमा आधारशिला नै हो । यस विषयमा सरकार संवेदनशील रहेको छ। नेपालको संविधानले प्रारम्भिक बाल विकासको विषयलाई मौलिक हकमा नै उल्लेख गरेको छ। शिक्षा ऐन तथा शिक्षा नियमावली लगायतका कानूनी व्यवस्थाहरुमा प्रारम्भिक बाल विकासलाई स्थान दिइएको छ। प्रारम्भिक बाल विकास निर्देशिका, २०६३ मा बाल विकास केन्द्रको सञ्चालन व्यवस्थित गर्ने विषय उल्लेख भएको छ ।

प्रारम्भिक बाल विकास केन्द्रहरु विस्तार हुँदै आएको देखिएको छ। २०७१ सालदेखि २०७५ सालसम्मको सामुदायिक विद्यालय र समुदायमा आधारित तथा संस्थागत विद्यालयमा आधारित प्रारम्भिक बाल विकास केन्द्रको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १५ बालविकास केन्द्रमा रहेका बालबालिकाको विवरण**

| वडा नं | जम्मा बालिका | जम्मा बालक | जम्मा बालबालिका संख्या |
|---|---|---|---|
| वडा नं १ | ३९ | ३४ | ७३ |
| वडा नं २ | ७० | ६९ | १३९ |
| वडा नं ३ | ५६ | ६५ | १२१ |
| वडा नं ४ | ३९ | ४७ | ८६ |
| वडा नं ५ | ४० | ४५ | ८५ |
| वडा नं ६ | ८१ | ६६ | १४७ |
| वडा नं ७ | ४२ | ४७ | ८९ |
| वडा नं ८ | ४६ | ३७ | ८३ |
| जम्मा बालबालिका | ४१३ | ४१० | ८२३ |

**श्रोत : शिक्षा इकाई शाखा, गुराँस गा.पा.**

यस पालिकामा  बालविकास केन्द्रमा अध्ययन गर्ने जम्मा बालबालिकाको संख्या ८ सय २३ रहेको छ । जसमध्ये बालिका ४सय १३ रहेका छन् भने बालक ४ सय १० रहेका छन् । सबै भन्दा बढी वडा नं ६ मा १ सय ४७, वडा नं २ मा १ सय ३९ र वडा नं २ मा १ सय २१ छन् भने सबै भन्दा कम वडा नं १ मा ७३ बालबालिकाले बालविवाकास केन्द्रमा अध्ययन गरेको देखिन्छ ।

## दलित र जनजाति बालबालिका:

नेपालको संविधानको मौलिक हक र कर्तव्य अन्तर्गत धारा १८ मा समानताको हकभित्र उपधारा (२) मा सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जातजाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन भन्ने ॅरा उल्लेख गरिएको छ । त्यसैगरी उपधारा (३) मा सामाजिक वा सास्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडावर्ग, अल्पसंख्यक, सीमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रुपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागिकानून बमोजिम विषेश व्यवस्थाको प्रावधान रहेको उल्लेख गरिएको छ । यस अतिरिक्त पनि अल्पसंख्यक बालबालिकाको संरक्षण हुने विभिन्न कानूनी प्रावधानहरु रहेका छन् ।

## अपाङ्गता भएका बालबालिका:

नेपालको संविधानको धारा ३९ मा अपाङ्गता भएका एवम् जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हकको व्यवस्था भएको छ। यसैगरी धारा ३१ मा अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुने, ब्रेललिपि तथा साङ्केतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुने प्रावधानहरु रहेका छन्। अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५ लागू छ। बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १२ मा अपाङ्गता भएका बालबालिकाको विशेष अधिकारको व्यवस्था छ। अपाङ्गता अर्थात फरक क्षमता भएका व्यक्तिका लागि समावेशी शिक्षा नीति, २०७३ जारी भएको छ।

२०७६ सालसम्मको सामुदायिक विद्यालय र समुदायमा आधारित तथा संस्थागत विद्यालयमा आधारित प्रारम्भिक बाल विकास केन्द्रको संख्या ५२ रहेको छ। यी केन्द्रहरुमा जम्मा ८२३ बालबालिका रहेका छन्। यसमध्ये विभिन्न किसिमका अपाङ्गता भएका बालबालिकाको संख्या .........(.........%) रहेको देखिन्छ। प्रदेशगत रुपमा प्रारम्भिक बाल विकास केन्द्रमा रहेका अपाङ्गता भएका बालबालिकाको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ।

## ४.३ विद्यालय स्तरको शिक्षा

नेपालको संविधानले शिक्षालाई मौलिक हक अन्तर्गत सुनिश्चित गरेको छ। शिक्षा क्षेत्रमा सरकारको बढ्दो लगानी एवम् शैक्षिक चेतना अभिवृद्धिको परिणामस्वरुप विद्यालय स्तरमा भर्नादर बढ्दै आएको छ। पालिकाको शिक्षा शाखाका अनुसार २०७६ सालमा खूद भर्नादर प्राथमिक तहमा ९८.२ प्रतिशत, आधारभूत तहमा ९८ र माध्यमिक तहमा (कक्षा ९ - १०) मा ९६ प्रतिशत रहेको थियो। शैक्षिक सत्र २०७६ मा कक्षा १ - १२ सम्म अध्ययनरत रहेका बालबालिकाको जम्मा संख्या ७५७३ रहेको थियो।

## विद्यालयमा सिकाई उपलब्धि:

शैक्षिक गुणस्तर परीक्षण केन्द्रका अनुसार कक्षा ३ मा नेपाली विषयको विद्यार्थी सिकाई उपलब्धि २०७६ मा कक्षा ३ को नेपाली ८७.४५ प्रतिशत, कक्षा ५ को नेपाली ९२.५७ प्रतिशत, गणित ९२.०४ र अंग्रेजी विषयको ९२ प्रतिशत रहेको छ।

## विद्यालयस्तरीय एस.ई.ई, कक्षा ११ र १२ को परिक्षा

आर्थिक वर्ष २०७६/२०७७ को एस.ई. ई. मा परिक्षामा सहभागी भएका ४ सय ९१ जना बालबालिका मध्ये २ सय ७० जना बालिका र २ सय ३१ जना बालक रहेका थिए। कोरोना भाईरसका कारण राष्ट्रिय मापदण्ड अनुसार एस.ई ई को परिक्षा हुन नसकेपछि विद्यालयको आन्तरिक मूल्याँकन बाट बालबालिकालाई कक्षा उर्तिण गर्ने गरिएको थियो। जसमध्ये परि क्षामा सहभागी भएका ४ सय ९१ जना बालबालिकाले एस.ई.ई उर्तिण गरेका छन्। त्यसैगरी

गत शैक्षिक सत्रमा कक्षा ११ मा ७५ बालिका र ८२ बालक रहेका छन् भने कक्षा १२ मा ११७ बालिका र ९५ बालकले अध्ययन गरिरहेको शिक्षा शाखा गुराँसको तथ्याँक रहेको छ ।

## ४.४ अनिवार्य र निःशुल्क शिक्षा

नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी हक अन्तर्गत बुँदा २ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ भन्ने उल्लेख भएको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १५ अन्तर्गत प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रुपमा बालमैत्री वातावरणमा पाउने अधिकार हुनेछ ... दलित बालबालिकालाई प्रचलित कानून बमोजिम छात्रवृत्ति सहितको निःशुल्क शिक्षा पाउने अधिकार हुनेछ भन्ने उल्लेख भएको छ। यसबाट विद्यालय शिक्षा अनिवार्य र निःशुल्क हुने दिशातर्फ उन्मुख भइसकेकोमा विश्वस्त हुन सकिन्छ ।

## ४.५ विद्यालयको संख्या

पालिकाको शिक्षा इकाईका अनुसार शैक्षिक सत्र २०७५ मा कूल विद्यालयको संख्या ४९ वटा रहेकोमा २०७६ सालमा बन्द भएका वा गाभिएका विद्यालयहरुको कारण कूल विद्यालय संख्या जम्मा ४७ वटा कायम हुन आई २ वटा विद्यालयहरु घटेको थियो । शैक्षिक सत्र २०७६ मा कूल ४७ विद्यालयमध्ये सामुदायिक ४६ वटा, संस्थागत १ वटा विद्यालयहरु सञ्चालनमा रहेका थिए । यस पालिकामा १ प्रस्तावित कृषि क्याम्पस रहेको छ ।

## ४.६ विविध

विकास साझेदार संस्थाबाट केही विद्यालयहरुलाई नमुना विद्यालयको रुपमा छनौट गरी कार्य अगाडी बढाईएको छ । कतिपय छात्राहरु महिनावारी भएको अवधिमा विद्यालय नजाने गरेको स्थितिलाई मध्यनजर गरी विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम अन्तर्गत छात्राहरुका लागि सेनेटरी प्याडको व्यवस्था गर्ने गरिएको छ । साथै विद्यालयका किशोरीहरुलाई आफै सेनेटरी प्याड बनाउन तालिम प्रदान गरी प्रोत्साहन गर्ने गरिएको छ । पालिकालाई साक्षर घोषणा गर्न साक्षर नेपाल अभियान कार्यक्रम अन्तर्गत यस पालिकाका सबै वडा साक्षर घोषणा भइसकेका छन् ।

बालबालिकालाई दिवा खाजाको लागि टिफिन बक्सहरु वितरण गरिएको छ । टिफिन बक्समा बालबालिकाले घरबाटै खाजा ल्याएर खाने गरेका छन् । यसबाट विद्यार्थीको नियमितता दरमा वृद्धि भई सिकाई उपलब्धिमा सुधार हुने अपेक्षा गरिएको छ ।

पालिकामा सञ्चालित ४६ सामुदायिक विद्यालयमध्ये १३ विद्यालयहरुमा कम्प्युटर सुविधा उपलब्ध भएको छ । उक्त विद्यालयमध्ये १० विद्यालयहरुले शिक्षण सिकाई क्रियाकलापमा सूचना प्रविधिको प्रयोग गर्दै आइरहेका छन् । सूचना प्रविधिको उपयोगबाट शिक्षण सिकाइमा थप प्रभावकारिता ल्याई गुणस्तरीय शिक्षाको प्रत्याभूतिका लागि सबै माध्यमिक विद्यालयहरुमा सूचना प्रविधिको सुविधा विस्तार गर्ने लक्ष्य नेपाल सरकारले लिएको छ ।

# परिच्छेदः ५ बाल सहभागिता

## ५.१. परिचय

संयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि, सन् १९८९ ले १८ वर्षभन्दा कम उमेरका व्यक्तिलाई बालबालिका भनी परिभाषित गरेको छ । यस अनुसार प्रत्येक बालबालिकासँग सरोकार राख्ने बिषयबारे जानकारी पाउने तथा बालबालिका सम्बन्धी विकास प्रक्रियामा बालबालिकाको उमेर र क्षमताको आधारमा आफ्ना विचार राख्न पाउने, सङ्गठित हुन पाउने लगायतका विषयलाई बाल सहभागिताको संज्ञा दिइएको छ । बाल सहभागिता बालबालिकाको आधारभूत अधिकार हो । विगत केही वर्षहरुदेखि राष्ट्रिय विकास योजना र बालबालिका सम्बन्धित राष्ट्रिय कार्ययोजना तर्जुमा प्रक्रियामा बालबालिकाको सहभागिता र विचार समायोजनका विषयलाई प्रोत्साहन दिएको पाइन्छ । विद्यालय वा समुदायमा आधारित बालक्लबहरू मार्फत बालबालिका विभिन्न गतिविधिमा सहभागी हुने गरेका छन् । बाल अधिकार सम्बन्धी महासन्धिका प्रावधानहरूमध्ये बालबालिकाको विचारको सम्मान (धारा १२), अभिव्यक्तिको स्वतन्त्रता (धारा १३), संगठित हुने स्वतन्त्रता (धारा १५), गोपनीयताको हक (धारा १६), सूचनामा पहुँच (धारा १७) आदि बालसहभागितासँग सम्बन्धित छन् ।

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८ मा आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफुलाई मन पर्ने विषयमा परिवार, समुदाय, विद्यालय वा अन्य सार्वजनिक निकाय वा संस्था लगायतबाट गरिने निर्णयमा सहभागी हुने अधिकार हुनेछ भन्ने उल्लेख गरेको छ । यसैगरी दफा ९ को अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार अन्तर्गत - (१) प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम स्वतन्त्र रुपमा आफ्नो कद्रा राख्ने अधिकार हद्रनेछ, र (२) प्रत्येक बालबालिकालाई प्रचलित कानूनको अधीनमा रही आफ्नो हक, हित र सरोकारको विषयमा सूचना माग्ने र पाउने अधिकार हुनेछ भन्ने व्यवस्था भएको छ । दफा १० को संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकार अन्तर्गत - (१) प्रत्येक बालबालिकालाई बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनको लागि बालक्लब वा संस्था खोल्ने वा शान्तिपूर्वक भेला हुने अधिकार हुनेछ, र (२) उपदफा (१) बमोजिम बालक्लब वा संस्था खोल्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ । यी व्यवस्थाहरुबाट बालबालिकाको सहभागिता, अभिव्यक्ति स्वतन्त्रता र सूचना तथा शान्तिपूर्वक भेला हुने विषयका अधिकार कानूनद्वारा नै स्थापित हुन पुगेको छ ।

## ५.२ बालबालिकाको विचार र अभिव्यक्ति स्वतन्त्रता

नेपालको संविधानको धारा ३९(३) ले बालबालिकाको सहभागिताको हक सुनिश्चित गरेको छ । यस अतिरिक्त मौलिक हक अन्तर्गतका अन्य अधिकारहरू नागरिक सबैको हकमा लागू हुने हुँदा विचार र अभिव्यक्तिको स्वत्रन्तता तथा संघसंस्था खोल्ने स्वतन्त्रताका हकहरु बालबालिकाको

लागि पनि आकर्षित हुन्छन् । बाल अधिकार सम्बन्धी महासन्धिको अनुमोदनपश्चात् नेपालमा योजना, नीति तथा कार्यक्रम तर्जुमा प्रक्रियामा बाल सहभागिता उल्लेख्य रुपमा वृद्धि भइरहेको पाइन्छ ।

## ५.३ बालबालिकाको मनोरञ्जनमा सहभागिता (रेडियो, पत्रपत्रिका, टेलिभिजन)



nagariknews.com
Wednesday 12 June 2019, बुधबार २९ जेठ २०७६

**योजना बनाउँदै बालबालिका**

नागरिक संवाददाता
*दैलेख, जेठ २८*

स्थानीय तहको नीति, योजना र कार्यक्रमलाई सहयोग गर्ने गरी बालबालिकाले आफ्नो योजना आफैं निर्माण गरेका छन् । गुराँस गाउँपालिकाले आयोजना गरेको बाल भेलामा बालबालिकाले आफ्नो योजना आफैं बनाएका हुन् ।

गाउँपालिकाका सबै बालबालिकाको आवाजलाई समेट्ने गरी झन्डै एक करोड ५० लाखको वार्षिक योजना बालबालिकाले बनाएका छन् । बाल उद्यान, विद्यालय तथा समुदायमा सूचना प्रविधिको विकास, बालमैत्री शौचालय, घेरबार, बालमैत्री खानेपानी योजना निर्माणलगायतका योजनाहरू बालबालिकाको प्राथमिकतामा रहेका छन् । बालबालिकाको लागि योजना निर्माण गर्दा होस् वा योजना कार्यान्वयनमा बालबालिकाको सहभागिता गर्नुपर्ने गाउँ बाल सञ्जालकी अध्यक्ष कल्पना रामजाली मगरले बताइन् ।

'बालबालिकाका आवश्यकताहरू बालबालिकालाई नै जानकारी हुन्छ,' अध्यक्ष रामजालीले भनिन्, 'बालविवाह, छाउपडी, बालश्रम र छोराछोरीबीच विभेदलगायतका समस्याहरू अहिले पनि समाजमा कायम रहेकाले यस्ता सामाजिक विकृति न्यूनीकरणका लागि स्थानीय तहले लगानी गर्नुपर्ने छ ।'

गाउँपालिका बालबालिकाको क्षेत्रमा लगानी गर्न तयार रहेको गाउँपालिकाका अध्यक्ष खेमराज ओलीले बताए । 'हामी बालअधिकारमा आधारित योजना बनाउँदै छौं,' अध्यक्ष ओलीले भने, 'जस्ले गर्दा बालबालिकामा लगानी गर्ने वातावरण तयार हुँदैछ ।' बालबालिकाको जीवन र विकासलाई दिगो बनाउन बालमैत्री नीति, बालमैत्री संरचनालगायतका कार्य गाउँपालिकाले गर्दै आएको उनको भनाइ छ ।

स्थानीय तहको योजना बनाउँदा सरोकारवालाको सहभागिता सुनिश्चित गर्नुपर्ने स्थानीय शासन सञ्चालन ऐन २०७४ मा व्यवस्था गरेको बालसंरक्षण संयोजक निर्मल अधिकारीले बताए । अन्तर्राष्ट्रिय बालअधिकार महासन्धी १९८९ को सिद्धान्तमा आधारित भई बाल बचाऊ, बाल संरक्षण, बाल विकास, बाल सहभागिताजस्ता क्षेत्रमा केन्द्रित भई बालबालिकालाई शासन व्यवस्थाको प्रतिफल दिलाउन स्थानीय सरकारले पहल गर्नुपर्छ ।

कोरोना भाईरसका कारण लकडाउनको अवधिमा विद्यलाय बन्द भएपछि रेडियोबाट प्रसारण गरिएको बाल चौतारी कार्यक्रममा बालबालिकाका रचनाहरुलाई स्थान दिने गरेको पाइन्छ । त्यसैगरी बालबालिकाले आफ्नै आवाजमा रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण गर्ने गरेका छन् । विद्यालयहरुमा बालबालिकाले नै भित्ते पत्रिका लेखन तथा प्रकाशन गर्ने गर्दछन् ।


## ५.४ बालक्लब




बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १० मा प्रत्येक बालबालिकालाई बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनको लागि बालक्लब वा संस्था खोल्ने वा शान्तिपूर्वक भेला हुने अधिकार हुनेछ । बालक्लब वा संस्था खोल्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ भन्ने उल्लेख भएको छ । बालबालिकाको संगठन निर्माण र सहजीकरण मार्गदर्शन (नमूना) र बाल समूह गठन तथा सहजीकरण निर्देशिका, २०७४ ले “समुदाय तथा विद्यालयमा गठन भएका बाल समूहहरू गठन भएको एक महिनाभित्र गाउँपालिका/नगरपालिका र तिनका वडा कार्यालयमा सूचिकृत गर्नु पर्नेछ र विद्यालयमा गठन भएका बाल समूहको आवद्धता


स्वयम् विद्यालयसँग र समुदायमा गठन भएका बाल समूहको आवद्धता स्थानीय गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कार्यालयसँग रहनेछ" भन्ने स्पष्ट उल्लेख गरेको छ। यसपालिकामा विद्यालय तथा समुदायस्तरमा गरी ४६ वटा बालक्ल्व गठन गरिएका छन् र सबै बालक्लव पालिकामा आवद्ध पनि भएका छन्। बाल क्लवको विवरण तपसिलमा उल्लेख गरिएको छ।

**चित्र २ : वडा अनुसार बालक्लवको विवरण**




सपालिका वडास्तरीय बाल क्ल्व ८, समुदायस्तरीय र पालिकास्तरीय १/१ वटा बालक्लव रहेका छन्। त्यसैगरी वडा नं १,२,३ र ५ मा विद्यालयस्तरीय ५५ वटा, वडा नं ४ मा ३, वडा नं ७ मा ४ र वडा नं ८ मा ३ वटा बालक्लव रहेको देखिन्छ।

**चित्र ३ : जातिगत रुपमा बालबालिकाको विवरण**




यस पालिकामा विद्यालयस्तरीय बालक्लव ३६ वटा रहेका छन्। बाल क्लवमा सहभागी १०३३ बालबालिका मध्ये ५६८ बालक र ४६५ बालिका सहभागी भएको देखिन्छ। त्यसैगरी दलित २६८, जनजाति ९८ र अन्य समुदायका बालबालिका ६६७ सहभागी भएका छन्।

## ५.५ खेलकुदमा बालबालिकाको सहभागिता



बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १४ मा प्रत्येक बालबालिकालाई निजको उमेर र रुची अनुसारको खेल खेल्ने र खेलकुदमा सहभागी हुने अधिकार हुनेछ। प्रत्येक विद्यालयले पठनपाठनको समय बाहेकको समयमा बालबालिकालाई खेलकुदमा सहभागी हुन प्रोत्साहन गर्ने र त्यसको लागि आवश्यक पर्ने खेदकूदका सामग्रीको व्यवस्था गर्नुपर्नेछ। प्रत्येक बालबालिकालाई आफ्नो हित प्रतिकूल नहुने गरी आफ्नो धर्म, संस्कृति, चलन, रीतिरिवाज र आस्थाअनुरुप सांस्कृतिक क्रियाकलापमा भाग लिने अधिकार हुनेछ भन्ने उल्लेख भएको छ। यसबाट बालबालिकालाई खेलकूद, सांस्कृतिक लगायत विभिन्न अतिरिक्त क्रियाकलापमा सहभागी भई आफ्नो व्यक्तित्व विकास गर्न पाउने अधिकार कानूनद्वारा नै सुनिश्चित गरिएको छ। यस अनुसार विद्यालय स्तरमा विद्यालयमा उपलब्ध स्रोतसाधन र खेल मैदानको आधारमा बालबालिकाले खेलकुद तथा मनोरञ्जनमा सहभागी हुने व्यवस्था रहेको पाइन्छ।

पालिकाले हरेक वर्ष अध्यक्ष भलिबल प्रतियोगिता आयोजना गर्ने गर्दछ। उक्त प्रतियोगिताका पालिकामा रहेका सबै वडा, समुदाय र विद्यालयमा अध्ययनरत बालबालिकाहरु खेलकुद प्रतियोगितामा सहभागी हुने गर्दछन्। त्यसैगरी विद्यालयहरुले पनि बालबालिकालाई खेलकुदमा सहभागी गराउने गरेका छन्। अधिकाँस विद्यालयहरुले बालिकाको क्षमता विकासका लागि बालिका भलिबल प्रतियोगिता आयोजन गर्ने गरेका छन्।

## ५.६ बालमैत्री स्थानीय शासन, बालमैत्री स्थानीय तह तथा वडाहरु



बालमैत्री स्थानीय शासन भनेको बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागिताजस्ता बाल अधिकारका प्रमुख सवालहरुलाई स्थानीय तहको नीति, संरचना, प्रणाली, कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्ने शासकीय पद्धति हो। बाल अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गर्न राज्यको तर्फबाट गरिने कानूनी, संस्थागत,

संरचनागत, कार्यक्रमगत प्रयासलाई बालमैत्री बनाउने सोच नै बालमैत्री स्थानीय शासन हो । यो अवधारणाले स्थानीय तहले बालबालिकाको हितमा योजना तर्जुमा, स्रोतको विनियोजन, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था समेतलाई जनाउँदछ ।

साविकको केन्द्रीय बाल कल्याण समितिले बालमैत्री गाँउ विकास समिति घोषणा अभियान २०६४ सालबाट प्रारम्भ गरी यस विषयमा केन्द्रीय तहदेखि साविकको जिल्ला बाल कल्याण समिति र गाउँ बाल संरक्षण समितिलाई समेत प्राविधिक सहयोग उपलब्ध गराउँदै आएको थियो । बालबालिका समेतको सहभागितामा बालमैत्री गाँउ विकास समिति निर्माण गर्ने सूचाङ्कहरूको विकास गरी यो कार्य प्रारम्भ गरिएको थियो । बालमैत्री स्थानीय शासनः राष्ट्रिय रणनीति र कार्यान्वयन कार्यविधि २०६८ आधारमा यस पालिकाले स्थानीय तहमा कार्यरत कर्मचारी र जनप्रतिनिधि सहि ३२ .जनाले तालिम प्राप्त गरी बालमैत्री स्थानीय शासन पद्धति अगाडि बढाएको थियो । त्यसै अन्तर्गत यस पालिकाले वडा नं ६ पिलाडीलाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा समेत गरिसकेको छ भने अन्य समग्रमा पालिकानै बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा गर्ने तयारीमा रहेको छ । स्थानीय तहका संरचनामा बालबालिकाको सहभागीता तपसिल अनुसार रहेको छ ।

**तालिका १६ : स्थानीय तहका संरचनामा बालबालिकाको सहभागीता**

| क्र. सं. | निकाय | बालसहभागिता | | |
|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा |
| १ | विद्यालय व्यवस्थापन समिति | १२ | १२ | २४ |
| २ | वडास्तरीय बालअधिकार समिति | ६ | ४ | १० |
| ३ | पालिका स्तरिय सरसफाई समन्वय समिति | ० | ० | ० |
| ४ | स्वास्थ्य व्यवस्थापन समिति | २ | २ | ४ |
| ५ | स्थानीय बालअधिकार समिति | | | ० |
| ६ | बालक्लव | ५६८ | ४६५ | १०३३ |
| ७ | स्थानीय तहको योजना तर्जमा प्रक्रिया | १ | | १ |
| | **जम्मा** | ५८९ | ४८३ | १०७२ |

यस पालिकाका विद्यालय व्यवस्थापन समितिमा २४ जना, वडाबालअधिकार समितिमा १०, स्वास्थ्य व्यवस्थापन समितिमा ४, बालक्लवमा १०३३ र स्थानीय तहको योजना तर्जमा समितिमा १ जना बालबालिका गरी १०७२ बालबालिका सहभागी भएका छन् । पालिकास्तरीय सरसफाई समन्व्य समितिमा बालबालिकाको सहभागी हुने गरेको देखिदैन भने स्थानीय बालअधिकार समिति गठन भईनसकेकाले बालबालिकाको सहभागीता भएको छैन ।

## परिच्छेद: ६ निष्कर्ष

स्थानीय सरकार बालबालिकाको विषयमा अत्यन्त संवेदनशील रहेको छ । नेपालको संविधानमा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकताको रुपमा लिइएको छ । धारा ३९ अन्तर्गत बालबालिकाको हक शीर्षकमा १० वटा उपधारामा बालबालिकाको शिक्षा, स्वास्थ्य लगायत विकास, संरक्षण, सहभागिता सम्बन्धी अधिकार प्रत्याभूत गरिएको छ । यस संविधानमा बाल अधिकारका मूलभूत सिद्धान्तहरुसहित बाल अधिकारका आधारभूत मान्यताहरुलाई स्पष्ट रुपमा अङ्गीकार गरिएकोले बाल अधिकारको दृष्टिकोणबाट यो संविधान उत्कृष्ट देखिएको छ ।

बालबालिका सम्बन्धी ऐन, २०७५ मा बालबालिकाको बाँच्न पाउने अधिकार, विकास सम्बन्धी शिक्षा र स्वास्थ्यको सेवासुविधा पाउने अधिकार, भेदभाव बिरुद्धको अधिकार, संरक्षणको अधिकार, सहभागिताको अधिकार, अपाङ्गता भएका बालबालिकाको विशेष अधिकार लगायतका बालबालिकाको १३ वटा मूलभूत अधिकारहरु सुनिश्चित गरिएका छन् । बालबालिकाप्रति राज्यको, संघसंस्था तथा निकायको, परिवार वा संरक्षकको एवम् सञ्चार क्षेत्रको दायित्व सम्बन्धी प्रावधानहरु समावेश गरिएका छन् । यस अतिरिक्त, बाबु, आमा, संरक्षक, परिवारका अन्य सदस्य, शिक्षक तथा समाजसेवीले बालबालिकाको सर्वोत्तम हितलाई विचार गरी दिएको सल्लाह, सुझाव, मार्गदर्शन र निर्देशन पालना गर्नु तथा सबैलाई सम्मान र आदर गर्नु प्रत्येक बालबालिकाको कर्तव्य हुने भन्ने उल्लेख भएको छ । यी यावत प्रावधानहरुलाई मध्यनजर राख्दा बालबालिका सम्बन्धी ऐन, २०७५ बालबालिकाको समग्र हक, हित र अधिकारलाई समेटिएको एक बालमैत्री कानून हो ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले बालबालिकाका लागि आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाई लगायत बाल संरक्षणसंग सम्बन्धित विविध विषयगत पक्षहरुमा स्थानीय सरकारका अङ्गहरुले गर्नुपर्ने कार्यहरुलाई समावेश गरेको छ । यस अतिरिक्त अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५, जनस्वास्थ्य सेवा ऐन, २०७५, सामाजिक सुरक्षा ऐन, २०७५, सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ जस्ता कानूनी व्यवस्था भएबाट नेपाल सरकार बाल अधिकार सुनिश्चितताको दिशातर्फ उन्मुख भएको देखिएको छ ।

यस पालिकाकामा  उच्च जोखिममा रहेका बालबालिकाहरुले राहत महसुस गरेका छन् । विद्यालय बाहिर रहेका ३१ .बालबालिका विद्यालय भर्ना भएर नियमित अध्ययन गरिरहेका छन् । लकडाउनको अवधिमा दैनिक जीविकोपार्जनमा समेत समस्या भएका ६९० बालबालिकाका ४९६ घर परिवारलाई खाद्य सहयोग गरिएको छ । जन्मेदेखी ५ वर्षमुनिका बालबालिकाको लागी जिवन सुरक्षा कोष अन्तर्गत.............बालिकालाई सहयोग गरिएको छ भने वडा बाल कोष मार्फत ४२ जना बालबालिकाले सहयोग प्राप्त गरेका छन् ।  छोरी बचत खाता अन्तर्गत

१३७ बालिकाहरुले सहयोग पाएका छन् । २०१९ मा कमजोर परिवारका ३३९ र २०२० मा २२३ बालबालिकाले छात्रवृत्ति सहयोग पाएका छन् भने विपन्न परिवारका ८० जना बालबालिकाले आधारभूत शिक्षा निरन्तरताका लागि २५ हजारका दरले बैंक खाता मार्फत जम्मा गरिएको रकममा अर्धवार्षिक रुपमा व्याज प्राप्त गर्ने गरेका छन् । स्वास्थ्य शिविर मार्फत ३१ बालिका र ३६ बालकले अपाङ्गता परिचय पत्र पाएका छन भने ६७ जना अपाङ्गता भएका बालबालिकालाई जीवनयापनमा सहजताका लागि अतिरिक्त सहायक सामाग्री हस्तान्तरण गरिएको छ । बालबालिकाको जीवनस्तरमा प्रत्यक्ष अनुभुती गर्ने गरी कार्यक्रम सञ्चालन गरिएको छ ।

शिक्षा, स्वास्थ्य लगायत संरक्षणको सेवासुविधाबाट वञ्चित भएका बालबालिकाको विषयलाई समयमै प्रभावकारी रुपमा सम्बोधन गर्नु, विद्यालय शिक्षामा बालबालिकाको सिकाई उपलब्धिमा सुधार ल्याउनु, पोषण स्थितिमा उल्लेख्य सुधार ल्याउनु जस्ता कार्यहरु चुनौतिपूर्ण देखिएको छ । स्थानीय सरकारले कानून, नीति, योजना, कार्यक्रम, संस्थागत संरचनामा समयानुकूल सुधार गर्दै बालबालिकाको संरक्षण, व्यक्तित्व विकास र हक, अधिकार प्रवर्द्धन गर्न दृढ संकल्पसहित कार्य गरिरहेको छ । बालश्रम तथा बालविवाह अन्त्य गर्ने, अभिभावकविहीन बालबालिकाको संरक्षण सहयोग, सडक बालबालिकाको उद्धार तथा व्यवस्थापन लगायत विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाका लागि थप व्यवस्था गर्ने समेत तयारीमा स्थानीय सरकार लागेको छ ।

समग्रमा, बालबालिकाको क्षेत्रमा स्थानीय सरकार अझ बढी संवेदनशील भई बाल अधिकार सुनिश्चिततातर्फ अझ क्रियाशील हुन र लगानी वृद्धि गर्नु जरुरी देखिएको छ । यस प्रयासमा विकास साझेदार संस्थाहरु, गैरसरकारी संस्थाहरु, नागरिक समाज, सञ्चार माध्यम, निजी क्षेत्र लगायत सबै सरोकारवालाहरुको योगदान महत्वपूर्ण हुन्छ । सबैको प्रयासबाट आउँदा वर्षहरुमा सबै समूहका बालबालिकाको जीवनमा उल्लेख्य रुपमा सुधार हुने अपेक्षा गर्न सकिन्छ ।

# अनुसूची १

| लक्ष्य | सूचकहरु | २०१५ | २०१९ | २०२२ | २०२५ | २०३० |
|---|---|---|---|---|---|---|
| २.१.१ | कुपोषण (%) | ३६.१ | २७.३ | २०.६ | १४ | ३ |
| २.२.१ | तौल नपुगेका पाँच वर्षमुनिका बालबालिका (%) | २७ | २२.६ | १७.८ | १३ | ५ |
| २.२.२ | उमेर अनुसार उचाइ नपुगेका पाँच वर्षमुनिका बालबालिका (%) | ३६ | ३२ | २६.७ | २२.३ | १५ |
| २.२.३ | उचाइ अनुसार तौल नपुगेका पाँच वर्षमुनिका बालबालिका (%) | १० | ९.१ | ७.४ | ५.८ | ३ |
| २.२.६ | रक्त अल्पता लागेका पाँच वर्षमुनिका बालबालिका (%) | २२.६ | १८.२ | १४.८ | ११.५ | ६ |
| २.२.७ | न्युनतम खानाबाट प्राप्त हुने आहार उपभोग गरिरहेका ६ देखि २३ महिनासम्मका बालबालिका (%) | ३२.३ | २५.८ | २१ | १६.१ | ८ |
| ३.१.१ | मातृ मृत्युदर (प्रति १ लाख जन्मदरमा) | २५८ | १४५ | १०६ | ८६ | ६९ |
| ३.१.२ | दक्ष प्रसूतिकताबाट जन्मदर | ५८ | ६८.५ | ७३ | ७९ | ९० |
| ३.२.१ | पाँच वर्षमुनिका मृत्युदर (प्रति एक हजार जन्मदरमा) | ३९ | ३० | २८ | २६ | २२ |
| ३.२.२ | शिशु मृत्युदर (प्रति एक हजारमा जन्मदरमा) | २३ | २० | १७ | १४ | १० |
| ३.३.६.१ | झाडापखालाका घटना (प्रति एक हजारमा पाँच वर्षमुनिका बालबालिका) | ५०१ | ३६७ | २६७ | १६७ | ० |
| ३.३.६.२ | अन्तिम दुई हप्तामा झाडापखाला लागेका पाँच वर्षमुनिका बालबालिका) | १२ | ८.८ | ६.४ | ४ | ० |
| ३.८.१.६ | Measles, BCG, OVP3, DPT3, HepB3 etc. जस्ता खोपहरु पाएका १२ देखि १३ महिनाका बालबालिका । | ८४.५ | ८८.६ | ९.७ | ९४.८ | १०० |
| ४.१.१ | प्राथमिक विद्यालयमा खुद भर्नादर | ९६.६ | ९८.५ | ९९ | ९९ | ९९.५ |
| ४.१.२ | प्राथमिक शिक्षा पूरा गरिसकेका बालबालिका (%) | ८७.५ | ९०.७ | ९३.१ | ९५.५ | ९९.५ |
| ४.१.३ | एक कक्षामा भर्ना भई निरन्तर कक्षा ८ सम्म पुगेका बालबालिकाको (%) | ७६.६ | ८१.५ | ९२ | ९३ | ९५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४.१.४ | बालकको अनुपातमा एक कक्षामा भर्ना भई निरन्तर कक्षा ८ सम्म पुगेका बालिका | १.०४ | १.०३ | १.०२ | १.०१ | १ |
| ४.१.४ | बालकको अनुपातमा एक कक्षामा भर्ना भई निरन्तर कक्षा १२ सम्म पुगेका बालिका | १.१ | १.०४ | १.०३ | १.०२ | १ |
| ४.१.९ | सिकाई उपलब्धि/प्राप्ताङ्क (गणित, नेपाली र अंग्रेजी) (%) | ५५.६ | ६०.८ | ६४.६ | ६८.५ | ७५ |
| ४.१.१० | माध्यमिक शिक्षामा जम्मा भर्नादर (कक्षा ९ देखि १२) | ५६.७ | ७२ | ९० | ९५ | ९९ |
| ४.२.२ | दिवा खाजा कार्यक्रम | १७ | ३१ | ४१ | ५१ | ६८ |
| ४.२.३ | पूर्व बाल विकास शिक्षामा भर्नादर | ८१ | ८५.८ | ८९.४ | ९३ | ९९ |
| ४.३.१ | प्राविधिक र व्यवसायिक शिक्षामा छात्राको भर्ना अनुपात | ०.५३ | ०.६६ | ०.७५ | ०.८४ | १ |
| ४.३.३ | छात्रवृत्ति प्राप्त गरेका जम्मा विद्यार्थी (%) | ३७ | ३८.३ | ३९.३ | ४०.३ | ४२ |
| ८.७.१ | जोखिमपूर्ण अवस्थामा कार्यरत बालश्रमिक (%) | ३० | २२ | १६ | १० | ० |
| १०.४.३ | सामाजिक सुरक्षा प्राप्त गरेका जनसंख्या (%) | १८ | १८.५ | १८.९ | १९.३ | २० |
| १६.२.१ | विगत एक महिनाभित्र मानसिक वा शारीरिक सजाय भोगेका १४ वर्षसम्मका बालबालिका (%) | ८१.७ | ६० | ४४ | २७ | ० |
| १६.२.३ | बेचविखनमा परेका बालबालिका संख्या | ६४ | ४७ | ३४ | २१ | ० |
| १६.९.१ | पाँच वर्षमुनिका जन्मदर्ता गरिएका बालबालिका (%) | ५८.१ | ६६ | ७९ | ८६.९ | १०० |

## अनुसूची २ सन्दर्भ सामग्रीहरु

१. दीगो विकास लक्ष्य

२. नेपालको संविधान

३. नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन २०७३ केन्द्रीय बाल कल्याण समिति

४. स्थानीय सरकार सञ्चालन ऐन २०७४

५. बालबालिका सम्बन्धी ऐन २०७५

६. राष्ट्रिय जनगणनाको प्रतिवेदन २०६८ केन्द्रीय तथ्याङ्क विभाग, काठमाडौँ

७. बालमैत्री स्थानीय शासन: राष्ट्रिय रणनीति २०६८

८. बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८

९. बालमैत्री स्थानीय शासन: राष्ट्रिय रणनीति २०७४

१०. बालबालिका सम्बन्धी कानून तथा राष्ट्रिय/अन्तराष्ट्रिय स्तरका प्रमुख व्यवस्था

११. पन्ध्रौं पंचवर्षिय योजना

१२. कर्णाली प्रदेशको प्रथम आवधिक योजना

१३. विभिन्न संघ संस्थाको प्रतिवेदन, लेख, रचना र अध्ययन सामग्रीहरु

१४. विभिन्न पत्र पत्रिकामा प्रकाशित बालबालिका सम्बन्धी सूचना एवं समाचार ।

१५. विभिन्न जिल्लाबाट प्रकाशन भएका बालबालिकाको स्थिति प्रतिवेदन

१६. विकास साझेदार संस्थाका प्रकाशनहरुहरु

१७. गुरांश गाउंपालिकाको वस्तुगत विवरण २०७५

१८. बाल संरक्षण सम्वन्धी आधारभूत अवधारण, एवं पद्धति एवं संरचनाहरु भाग-१, के.बा.क.स.

१९. बालबालिकाको स्थिती प्रतिवेदन २०७६

## प्रकाशन सहयोग

Save the Children

सामाजिक सेवा केन्द्र
(सोसेक) नेपाल दैलेख